# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष ६ अङ्क १७ पूर्णाङ्क २५५ | २०७८ कार्तिक १ गते सोमबार | Monday, 18 Oct., 2021 | पृष्ठ ८ | मूल्य रू. १०|-


## विप्लव नेकपाका केन्द्रीय नेता वीरजङ्गको दु:खद् निधन, शिवगढीमा श्रद्धाञ्जली



बुटवल। विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका नेता चन्द्र बिक्रम चन्द बिरजंग को निधन भएको छ।

लामो समयदेखि उच्च रक्तचाप, मधुमेह र फोक्सोको समस्या रहेका बिरजंगको भारतको दिल्ली स्थित म्याक्सीस अस्पतालमा शुक्रबार विहान निधन भएको नेकपा श्रोतले बताएको छ। जनयुद्ध कालमा तत्कालिन नेकपा माओवादीको पर्वत र बाग्लुङको इन्चार्जको जिम्मेवारी निर्वाह गरेका बाँकी ३ पेजमा

# दशैंमा सांसदलाई भत्ताको खोलो

जनवादी गायक रायन र मञ्जुलहरुले गाउने एउटा गित 'कोही त भने हवाइजहाज सरर कोही त भने पसिना तरर हाम्रो नेपालमा।'

तीसको दशकतीर नेपालका पहाड कँदराहरुमा गुञ्जने यस्ता गीतहरु वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि सान्दर्भिक देखिएका छन्।

चामलको अभावमा कर्णालीका अधिकांश बासिन्दाले दशैंमा पनि भात खान पाएका छैनन, तर तिनै नागरिकको मत पाएर नीति निर्माण गर्ने तहमा पुगेका मन्त्री र सांसदले भने दशैं भव्य बनाउन सरकारी ढुकुटीबाट भत्ता बुझिसकेका छन्।

कर्णलीका मुख्यमन्त्री, मन्त्री र सांसदहरूले १८ लाख १३ हजार नौ सय ७० दशैंभत्ता बुझिसकेका छन। २७ सांसदले प्रदेश सभाबाट १३ लाख ८९ हजार तथा मुख्यमन्त्री र मन्त्रीहरूले चार लाख २४ हजार नौ सय ७० भत्ता बुझेका हुन। तिनै नागरिकको भोट पाएर नीति निर्माण गर्ने तहमा पुगेका सांसद नागरिक भोको पर्दा आफू दशैंभत्ता बुझेर चुप छन्।

***कर्णालीसहित पाँचवटा प्रदेशका सांसदले बुझे दुई करोड दशैंभत्ता***

सातमध्ये चारवटा प्रदेशका सांसदले दशैंभत्ता लिएका छन। प्रदेश २, बागमती, गण्डकी र कर्णाली प्रदेशले प्रदेश सभाबाट 'प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन'मै दशैंभत्ताको व्यवस्था गरेका छन। ती प्रदेशका सांसदले ऐन पास गराएरै दशैंभत्ता लिएका हुन।

***कर्णालीका विपन्न जनताका मन्त्री र सांसद भत्ता लिन्छन्***

कर्णाली प्रदेश सभाका सबै पदाधिकारी र सांसदले दशैंभत्ता लिएका छन। कर्णालीका कैयौं ठाउँका नागरिकलाई चाडपर्वकै वेला पनि मीठोमसिनो खान मुस्किल पर्छ। तर, त्यही प्रदेशका मुख्यमन्त्री, मन्त्री र सांसद हरेक वर्ष तिनै नागरिकले तिरेको करबाट दशैंभत्ता लिँदै आएका छन।

प्रदेश सचिवालयले यस वर्ष पनि पदाधिकारी र सदस्य गरी २७ सांसदलाई १३ लाख ८९ हजार रुपैयाँ दशैंभत्ता बाँडेको छ। हाल ३५ सांसद कायम रहे पनि एक मुख्यमन्त्री र सात मन्त्री छन्। त्यसैले प्रदेश सचिवालयले २७ सांसदलाई दशैंभत्ता बाँडेको हो। सचिवालयका लेखा अधिकृत यामबहादुर बिसीले गत ९ असोजमा २७ सांसदलाई एक-एक महिनाको पारिश्रमिक बराबरको रकम बैंक खातामा उपलब्ध गराइएको जानकारी दिए। सांसदका स्वकीय सचिवलाई भने दशैंभत्ता दिइएको छैन। कर्णाली प्रदेश सभाले कानुन बनाएरै भत्ता बाँड्दै आएको छ।

कर्णालीका मुख्यमन्त्री र सात मन्त्रीले पनि दशैंभत्ता बुझेका छन। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार मुख्यमन्त्री महेन्द्रबहादुर शाही र सात मन्त्रीले गरी चार लाख २४ हजार नौ सय ७० रुपैयाँ दशैंभत्ता बुझेका छन। उनीहरूलाई बुधबार दशैंभत्ताको रकम उपलब्ध गराइएको हो। मुख्यमन्त्री शाहीले एक महिनाको तलबबराबरको रकम ६० हजार नौ सय ७० र मन्त्रीले जनही ५२ हजारका दरले दशैंभत्ता लिएको मन्त्रिपरिषद् कार्यालयका आर्थिक प्रशासन प्रमुख दीपेन्द्रकुमार सिंहले जानकारी दिए। उनले कानुनमा भएको व्यवस्थाअनुसार नै भत्ता बाँडिएको बताए। 'कानुनमा भएको व्यवस्थाअनुसार नै मुख्यमन्त्री र मन्त्रीज्यूहरूलाई दशैंभत्ता दिइएको हो,' उनले भने, 'उहाँहरूका सचिवालयका कर्मचारीलाई भने दशैंभत्ता दिइएको छैन।'

***प्रदेश २ का मुख्यमन्त्री, मन्त्री र सांसदले लिए ५५ लाख दशैंभत्ता***

प्रदेश २ मा सभामुखसहितका पदाधिकारी र सदस्य गरी ९२ सांसदलाई दशैंभत्ताबापत ५५ लाख रुपैयाँ वितरण गरिएको छ। प्रदेश सभा सचिवालयका लेखाअधिकृत नवीन मिश्रले ऐनमा भएको व्यवस्थाअनुसार सभाका पदाधिकारी र सांसदहरूलाई दशैंभत्ताबापत ५५ लाख रुपैयाँ निकासा गरिएको जानकारी दिए। सभामुख, उपसभामुखसहितका सबै पदाधिकारी र सांसदले आफ्नो एक महिनाको तलबबराबर दशैंभत्ता पाएका छन्। प्रदेशका सभामुखलाई ६८ हजार चार सय ४० रुपैयाँ, उपसभामुखलाई ६७ हजार २५ रुपैयाँ, संसदीय दलका नेता तथा संसदीय समितिका सभापतिहरूलाई ६५ हजार पाँच सय ३० रुपैयाँ, दलका प्रमुख सचेतकलाई ६१ हजार चार सय ८० रुपैयाँ र सांसदलाई जनही ६१ हजार २० रुपैयाँ भत्ता बाँडिएको छ। प्रदेश २ का मुख्यमन्त्री, नौ मन्त्री र तीन राज्यमन्त्रीले पनि दशैंभत्ता लिएका छन।

***बागमतीका सांसदले ५१ लाख लिए, स्वकीयको काटियो***

बागमती प्रदेश सभाका एक सय नौ सांसदमध्ये सभामुखलगायत पदाधिकारी र सदस्य गरी ९७ सांसदले दशैंभत्ता लिएका छन्। मुख्यमन्त्रीसहित मन्त्रिपरिषद्का १२ सदस्य र सचिवालयका कर्मचारीले भने भत्ता लिएका छैनन। सरकार गठन भएको ६ महिना पनि नपुगेकाले सचिवालयका कर्मचारीले भत्ता पाउँदैनन्। सार्वजनिक बाँकी ४ पेजमा

## नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव क.मोहन वैद्य (किरण)अस्पताल भर्ना, स्वास्थ्यमा क्रमिक सुधार



काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव क.मोहन वैद्य (किरण) स्वास्थ्यमा समस्या देखिएपछि अस्पताल भर्ना हुनुभएको छ।

लामो समयदेखि दमको रोगबाट पीडित महासचिवलाई असोज ३१ गते बिहान नर्भिक अस्पतालमा भर्ना गरिएको हो। त्यसदिन दिनभरी उहाँलाई आईसियुमा राखेर उपचार गरी स्वास्थ्यमा केही सुधार देखिएपछि डाक्टरको सल्लाहअनुसार २४ घण्टाका लागि अब्जर्भेशनमा राखेर उपचार गरिएको छ। बाँकी ४ पेजमा

## सुकुम्बासी वस्तीमाथि भएको राज्य आतंक र बर्बरतापूर्वक मान्छे मारिएको कार्यको विरूद्धमा नेकपा (क्रान्तिकारी माओवादी) संबद्ध अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघ चितवनको अयोजनामा भरतपुरमा सडक प्रदर्शन सम्पन्न

❑ अशोक शर्मा

बुटवलको मोतिपुरमा रहेको सुकुम्बासी वस्तिमाथि भएको राज्य आतंक र बर्बरतापूर्वक मान्छे मारिएको कार्यको विरुद्धमा नेकपा (क्रान्तिकारी माओवादी) संबद्ध अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघ चितवनको अयोजनामा भरतपुरमा सडक प्रदर्शन सम्पन्न भएको छ।

भरतपुर स्थित बिरेन्द्र क्याम्पस गेटवाट शुरु भएको विरोध जुलुस चौविसकोठी पुगेर सभामा परिणत भएको थियो। उक्त विरोध सभालाई संबोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)चितवन जिल्ला बाँकी ४ पेजमा




## नेकपा (क्रान्तिकारी माओवादी) पार्टी प्रवक्ताव्दारा बुटवल हत्या काण्डको घोर विरोध तथा भर्त्सना र मृतकका परिवारलाई क्षतिपूर्ति र घाइतेहरुको नि:शुल्क उपचारको माग

काठमाडौं। असोज २४ गते बुटवल उपमहानगरपालिका वडा नं १७ र १८मा पर्ने मोतिपुर औद्योगिक क्षेत्रमा घर टहरा बनाई बसोबास गर्दै आएका परिवारहरुमाथि निहत्था जनतामाथि देउवाको नेतृत्वमा गठबन्धन सरकारको पुलिस प्रशासनले अन्धाधुन्ध गोली प्रहार गर्दा ४ जना सर्वसाधारण नागरिकको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन्। उक्त गैरजिम्मेवारपूर्ण रवैयाको हाम्रो

संसारका मजदुरहरु एक हौं ! मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !
नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)
Communist Party of Nepal (Revolutionary Maoist)
केन्द्रीय समिति
Central Committee

पार्टी घोर विरोध तथा भर्त्सना गर्दछ र मृतकका परिवारलाई क्षतिपूर्ति र घाइतेहरुको नि:शुल्क उपचारको माग गर्दै नेकपा (क्रान्तिकारी माओवादी) पार्टी प्रवक्ताव्दारा एक विज्ञप्ति प्रकाशित गरिएको छ। विज्ञप्तिको पूर्ण पाठ तल दिइएको छ :

विज्ञप्तिमा भनिएको छ- 'गत असोज २४ गते बुटवल उपमहानगरपालिका वडा नं १७ र १८मा पर्ने मोतिपुर औद्योगिक क्षेत्र अतिक्रमण गरी बसेका भनिएका निहत्था बाँकी ३ पेजमा

# सुकुम्बासी वस्तीमाथि राज्यद्वारा गरिएको बुटवल हत्याकाण्ड र दमनका विरूद्ध एकतावद्ध भएर संघर्षमा उत्रन सबैसँग नेकपा (क्रान्तिकारी माओवादी) रूपन्देही सेक्रेटरी मणिको अपिल

बुटवलको मोतिपुरमा रहेको सुकुम्बासी वस्तिमाथि अतिक्रमणको नाममा गरिएको नेपाली काँग्रेस, माके, एसमाजवादी, जसपा, राजमो आदिको संयुक्त सरकारले त्यहााको भुमिहीन सुकुम्बासी वस्ती र समुदयमाथि ताण्डव नाच नाचेर ४ जनको निशम्स हत्या र ५० भन्दा बढी घाइते बनाएकोमा नेकपा (क्रान्तिकारी माओवादी) रुपन्देही सेक्रेटरी मणीले त्यसको भर्त्सना र निन्दा गद्दै निम्न अपिल जारी गर्नु भएको छ।

अपिलमा उहाँले घटनाका अपराधीहरुलाई अविलम्ब कारवाहि गर्नुपर्ने, मृतक परिवारलाई क्षतिपूर्ति दिनुपर्ने र घाइतेहरुको अविलम्ब निःशुल्क उपचार गर्न माग गर्नु भएको छ।

*नेकपा (क्रान्तिकारी माओवादी) पार्टी प्रवक्ताद्वारा जारी विज्ञप्तिको पूर्ण पृष्ठ ७ मा*

## अग्रगामी विकल्प : ऐतिहासिक आवश्यकता

***जनयुद्धको नेतृत्व गर्दै आएको तत्कालिन नेकपा(माओवादी) र सातदलका वीचमा भएको सहमती त सम्विधान सभाबाट नयाँ सम्विधान जारी गर्ने भन्ने थियो। त्यस्तो सम्विधान सभाको निर्वाचन त ' खासगरी कथित दोस्रो संविधानसभाको निर्वाचन गराएर "समाजवाद उन्मुख" संविधान जारी गर्नेहरु त्यतिखेर यो शब्द सुन्न चाहँदैनथे।***



● सी पी गजुरेल ●

आजभन्दा लगभग तीन वर्ष अघि मात्र पनि विद्यमान राज्य व्यवस्थाको विकल्पको विषय त्यती चर्चामा थिएन। जसले यो विषय उठायो, खासगरी यो सत्ता र व्यवस्था पक्षका नेताहरुले उसै माथि हँसी मजाकमा उडाउने गरेका थिए। उनीहरुका लागि यो शव्द त्यती सुपाच्य थिएन। जसले 'यो संविधान जारी गर्नका लागि आफ्नो भूमिका सबै भन्दा महत्वपूर्ण भएको' दावी गर्ने गर्दछन्, तिनीहरुले यसको विकल्पको विषय यति चाँडै उठ्न सक्ला भन्ने सायद कल्पना गरेका थिएनन्। उनीहरुले वारम्बार दिने गरेको 'अब यो व्यवस्था, यो संविधानको विकल्प छैन र हुन पनि सक्दैन' भन्ने किसिमका अभिव्यक्तिले तिनै कुराहरुको पुष्टि गर्दछन्। नयाँ संविधानका कथित सुत्रधारहरुले 'नेपालमा नयाँ संविधान बनि सकेपछि राजनीतिक समस्या समाधान भैसक्यो, अब त्यसबारे प्रश्न उठाउनु गलत हो। अब पालो मात्र आर्थिक विकासको।' भनेर कहिल्यै थाक्दैनथे। तर, केहि समय नवित्दै 'ओलीको निरंकुशता सहन नसकिने भयो, यसका विरुद्ध आन्दोलन नै चलाउनु पर्ने भयो' भन्ने कुरा पनि उनैको मुखबाट सुन्न पाइयो।

पहिलो संविधान सभाले तत्कालिन नेकपा(माओवादी)को माग संवोधन गर्नु पर्दथ्यो, त्यो काम भएन। माओवादी जनयुद्धको माग त नेपालमा जनगणतन्त्रको स्थापना गर्ने थियो। तर, संविधान सभाले संघीय बाँकी ४ पेजमा

## सम्पादकीय

### भोकमरी पीडित कर्णालीवासीलाई हेर्ने कसले ?

दशैंको मुखमा कर्णालीमा चामलको हाहाकार छ। अधिकांश खाद्य डिपो रित्ता छन्। कतिपय डिपोमा सीमित चामल उपलब्ध भए पनि विपन्न नागरिकले आर्थिक अभावमा किन्न सकेका छैनन्।

चामलको अभावमा कर्णालीका अधिकांश बासिन्दाले दशैंमा पनि भात खान नपाउने भएका छन्। तर तिनै नागरिकको मत पाएर नीति निर्माण गर्ने तहमा पुगेका मन्त्री र सांसदले भने दशैं भव्य बनाउन सरकारी ढुकुटीबाट भत्ता बुझिसकेका छन्। कर्णालीका हरेक जिल्ला सदरमुकाममा अहिले खाद्य व्यवस्था तथा व्यापार कम्पनीको कार्यालयमा चामल लिनेको भिड लाग्छ, तर सर्वसाधारणले सहज रूपमा पाउँदैनन्, पहुँच हुनेले सांसद र सिडिओको तोक लगाएर नै लिन्छन्।

विपन्न नागरिकले नपाए पनि राजनीतिक पहुँच भएका व्यक्तिलाई भने उपलब्ध थोरै चामल पनि सहजै प्राप्त हुने गरेको छ। उदाहरणका लागि दुई साताअघि मात्रै हुम्ला कांग्रेसको जिल्ला अधिवेशन भयो। सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेल पक्ष दुई प्यानलसहित मैदानमा उत्रिए। दुवै खेमाले खाद्य व्यवस्था तथा व्यापार कम्पनी सिमकोटबाट ६२ क्विन्टल चामल लिएर आ-आफ्नो पक्षका कार्यकर्तालाई बाँडे। तर, सर्वसाधारणले भने सहज रूपमा पाउँदैनन् प्रधानमन्त्री तथा पार्टी सभापति शेरबहादुर देउवा समूहले ४२ र वरिष्ठ नेता रामचन्द्र पौडेल खेमाले २० क्विन्टल चामल बाँडेको हो। संस्थापन पक्षका नेता तथा पूर्वमन्त्री जीवनबहादुर शाहीले ६० क्विन्टल चामल उपलब्ध गराउन सिडिओ गणेशप्रसाद आचार्यलाई लिखित सिफारिस गरेका थिए। सिडिओले खाद्यको सिमकोट शाखालाई तोक लगाए। चामल कम भएको भन्दै खाद्यले ४२ क्विन्टल मात्र उपलब्ध गरायो।

त्यसपछि पौडेल पक्षका तर्फबाट पूर्वसांसद रीता शाहीले सिडिओ आचार्यसँग चामल उपलब्ध गराउन माग गरेकी थिइन्, तर कांग्रेसले लगिसकेको भन्दै सिडिओले तोक लगाउन मानेनन्। त्यसपछि जिल्ला खाद्य समितिका संयोजकसमेत रहेका जिल्ला समन्वय समितिका प्रमुखले २० क्विन्टल चामल उपलब्ध गराउन निर्देशन दिएका थिए। त्यसपछि पौडेलले खेमाले पनि आफूनिकट कार्यकर्तालाई २० क्विन्टल चामल बाँडेको थियो।


खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय हुम्लाका प्रमुख कृष्णप्रसाद अधिकारीले सिडिओले तोक लगाएपछि कांग्रेसलाई चामल उपलब्ध गराएको बताए। देउवा पक्षलाई ६० क्विन्टल उपलब्ध गराउन तोक लागेको भए पनि ४२ क्विन्टल मात्रै उपलब्ध गराएको उनको दाबी छ।

मुगुको ग्रामीण भेगका सोरुकोट, श्रीकोट र पुलु खाद्य डिपो तथा काले र रातापानी बिक्री केन्द्र गत साउनदेखि रित्तै छन्। सोरु गाउँपालिकाका काले, पुरुमुरु, बन्जाहाँ, सोरुकोट, रावलबाडा, खनायालगायत दर्जन बस्तीमा खाद्यान्न अभाव छ। दुई महिनादेखि खाद्य डिपोमा एक दाना चामल नभएको स्थानीय बताउँछन्। चामल अभाव भएपछि अधिकांश गाउँमा राम्रोसँग नपाकेको चिनु कागुनो बाली टिपेर खान थालेका छन्। तो पनि प्रयाप्त छैन।

नेपाली काँग्रेसको नेतृत्वमा माओवादी केन्द्र, एकिकृत समाजवादी, जसपाका दुवै खेमा र राजमोको संयुक्त सरकार आ-आफ्ना सांसद र पार्टी कार्यकर्तालाई पोष्न तल्लिन देखिएका छन् र त्यसका लागि राष्ट्रिय ढुकुटी रित्याउन लल्लिन देखिएका छन् तर चामलको अभावमा कर्णालीका अधिकांश बासिन्दाले दशैंमा पनि भात खान नपाउँदा उनीहरु त्यसवारे गमभीर देखिदैनन्। आखिरमा भोकमरी पीडित कर्णालीवासीलाई हेर्ने कसले भन्ने प्रश्न उठेको छ।

हिजको राजतन्त्र अन्तरगतको पञ्चायती व्यवस्था(पछि वैधानिक राजतन्त्रतात्मक संसदीय व्यवस्था), आजको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय व्यवस्था, यी दुवैबाट भोकमरी पीडित कर्णालीवासीको उत्पीडनबाट मुक्ति सम्भव छैन भन्ने स्पष्ट भएको छ। संसदीय व्यवस्थाअन्तर्गतको संघीय लोकतान्त्रिक गणतन्त्रले पनि नेपाली जनतालाई खासगरी भोकमरी पीडित कर्णालीवासीलाइ खासै स्वतन्त्रतापूर्वक बाँच्ने अवसर दिन सकेन र सक्दैन पनि। त्यसैले भोकमरी पीडित कर्णालीवासीलाई हेर्ने अब नयाँ सरकारको खाँचो छ, त्यो भनेको जनगणतन्त्रको जनवादी सरकारको स्थापना नै हो।

# वैज्ञानिक समाजवाद र जनमत सङ्ग्रहको कार्यनीतिबारे


इन्द्रमोहन सिग्देल

कमरेड विप्लवको नेतृत्वमा रहेको नेपाल कम्युनिस्ट पार्टीले वैज्ञानिक समाजवादलाई क्रान्तिको न्यूनतम कार्यक्रम र प्रगतिशील सरकारको स्थापना तथा त्यसैको नेतृत्वमा हुने जनमत सङ्ग्रहलाई पार्टीको तात्कालिक कार्यनीतिका रुपमा अगाडि सारेको छ। पार्टीमाथिको प्रतिबन्ध हटेर यो कार्यनीति सहित पार्टी खुला राजनीतिमा आएपछि यसबारे विभिन्न कोणबाट प्रश्नहरु उठ्न थालेका छन्। त्यसो त नेकपाले पहिलेदेखि नै मार्क्सवादका तीनवटै सङ्घटक अङ्गहरुमा विकास गरेको दावी गरेको छ र ती विषयमा पनि बहस हुँदै आएको छ। परन्तु, यस पटक ती सबै विषयहरुमा प्रवेश नगरी यो लेख नेकपाले अगाडि सारेको क्रान्तिको न्यूनतम कार्यक्रम र त्यसलाई प्राप्त गर्ने तात्कालिक कार्यनीतिसँग सम्बन्धित केही विषयहरुको वरिपरि मात्र केन्द्रित रहने छ।

कुनै पनि देशको अग्रगमनका निम्ति बाधक रहेका शक्तिहरुको स्वार्थको रक्षागर्ने प्रतिक्रियावादी राज्यसत्तालाई विस्थापित गरी त्यसका ठाउँमा क्रान्तिकारी सत्ता निर्माण गर्नका लागि अवलम्बन गरिने समग्र नीति नै रणनीति हो। सर्वहारा वर्गको पार्टीको नेतृत्वमा हुने त्यस्तो रणनीतिको सफल कार्यान्वयनले सम्बन्धित समाजमा विद्यमान आधारभूत अन्तरविरोधहरुको समाधान गरी उक्त समाजको अग्रगमनका लागि उपयुक्त अर्थ-राजनीतिक कार्यक्रम लागुगर्ने बाटो खोल्छ। न्यूनतम कार्यक्रम र त्यसलाई प्राप्त गर्ने रणनीति छिन छिनमा परिवर्तन भइरहँदैन। बरु यसले सामाजिक परिवर्तनको एउटा पुरा ऐतिहासिक चरण पार गर्दछ।

अब, नेकपाले निर्धारण गरेको न्यूनतम राजनीतिक कार्यक्रम र त्यसलाई प्राप्तगर्ने रणनीति बारे केही कुरा गरौं। त्यसले राजतन्त्र अन्त्यलाई नै सामन्तवादको अन्त्य भएको अर्थ लगाएर नेपाली क्रान्तिको चरण वैज्ञानिक समाजवाद हो भनी किटान गरेको छ। यो निष्कर्ष वस्तुवादी छैन। नेपाली क्रान्तिका तीनथरि आन्तरिक दुस्मनहरु मध्ये हिजो सामन्तवादको प्रतिनिधि राजतन्त्रले प्रतिक्रियावादी सत्ताको नेतृत्व गरेको थियो र त्यसले दलाल तथा नोकरशाही पुँजीपति वर्गको स्वार्थको पनि रक्षा गर्दथ्यो। आज नेपालमा गणतन्त्रको स्थापना भइसकेपछि सामन्तवाद केही कमजोर बनेको छ र सत्ताको नेतृत्वमा दलाल पुँजीपति वर्ग पुगेको छ। दलाल पुँजीपति वर्ग सामन्तवादको विरोधी होइन र हुँदैन। साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको विशेषता नै सामन्तवादको आर्थिक तथा सांस्कृतिक आधारलाई आफ्नो हित अनुकूल हुने गरी त्यसको संरक्षण गर्ने र उत्पीडित देशमा दलालहरुको खेती गरेर बहुराष्ट्रिय कम्पनीहरुका लागि बजार सुरक्षित गर्ने हो। यसले राष्ट्रिय पुँजीलाई ध्वस्त पार्दछ। यसरी अहिले पनि साम्राज्यवाद, दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवाद नै नेपाली क्रान्तिका प्रमुख निशाना हुन्। यस्तो क्रान्ति सर्वहारा वर्गको नेतृत्वमा सम्पन्न हुन्छ र जनताको जनवादी अधिनायकत्वका रुपमा व्यक्त हुन्छ। यही नयाँ जनवादी क्रान्ति हो र नेपाली क्रान्तिको न्यूनतम कार्यक्रम पनि हो। नेपालको विद्यमान अर्थ-सामाजिक अवस्थामा वैज्ञानिक समाजवाद न्यूनतम कार्यक्रम हुन सक्दैन।

वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा पुग्नु सबै क्रान्तिकारी कम्युनिस्टहरुको एकमात्र उद्देश्य हो। त्यसकारण हाम्रो पार्टीले वैज्ञानिक समाजवादप्रति कुनै विमति राख्ने प्रश्न नै आउँदैन। नेपालको विद्यमान अर्थ-सामाजिक स्थितिमा मुख्यतः तीनवटा कारणले वैज्ञानिक समाजवाद नेपाली क्रान्तिको तात्कालिक कार्यक्रम हुन सक्दैन भन्ने हाम्रो बुझाइ हो। पहिलो, नेपालमा करिब दुई-तिहाइ जनता कृषि पेशामा संलग्न छन्। गरिब किसान नेपाली क्रान्तिको आधारभूत शक्ति हो, तर यो निजी सम्पत्तिप्रति आशक्त छ। यो स्थितिमा अहिले नै सानो जोतवाला किसानलाई सम्पत्तिमाथि निजी स्वामित्वको अन्त्य गर्ने समाजवादी क्रान्तिको प्रक्रियामा जोड्न सकिन्न र तिनको सक्रिय संलग्नता बिना नेपालमा क्रान्ति संभव छैन। दोस्रो, नेपालमा मजदुर, किसान लगायत आम उत्पीडित वर्ग तथा समुदायले झेल्दै आएका राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्याहरु विकराल बन्दै गएका छन्। यी समस्या समाधान गर्ने आन्दोलनमा क्रान्तिकारी जनता गोलवन्द हुँदै आएका छन् र यी समाजवादी क्रान्तिका नारा होइनन्। तेस्रो, नेपालमा दलाल पुँजीको विकास हुँदै आएको छ, तर त्यसको जगमा समाजवादको निर्माण हुन सक्दैन। मुख्यतः यी तीनवटा कारणले नेपाली क्रान्तिको प्रक्रियामा वैज्ञानिक समाजवाद पूर्व नयाँ जनवादको एउटा छोटो चरण आवश्यक हुन्छ। समाजवादी आन्दोलनमा किसानलाई सहभागी बनाउन क्रान्ति सम्पन्न भए पछि पनि रुसमा लेनिनले नयाँ आर्थिक नीति अवलम्बन गर्नु भएको कुरालाई हामीले बिर्सन हुँदैन।

नयाँ जनवाद कुनै स्थायी चरण होइन। यो अर्ध-सामन्ती र अर्ध/नव-औपनिवेशिक राज्य व्यवस्थाको भग्नावशेष माथि वैज्ञानिक समाजवादी राज्य व्यवस्थाको जग बसाउन आवश्यक हुने छोटो सङ्क्रमणकालीन चरण हो। नयाँ जनवादलाई निरन्तरता दिनु पर्छ भन्ने ल्यु शाओचीको पुँजीवादी लाइन विरुद्ध माओले चलाएको सङ्घर्ष र नयाँ जनवादी क्रान्ति सम्पन्न भएको जम्मा ८ वर्षपछि नै चिनीया कम्युनिस्ट पार्टीले समाजवादमा फड्का हान्न गरेको निर्णयले यसलाई प्रस्ट गर्दछ। नयाँ जनवादी क्रान्तिको चरणमा सत्ताको नेतृत्व सर्वहारा वर्गको पार्टीले गर्ने हुनाले नयाँ जनवादबाट समाजवादमा जान त्यति ठूलो प्रतिरोधको सामना गर्नु पर्दैन। नयाँ जनवादी क्रान्ति सम्पन्न भएपछि कम्युनिस्ट पार्टी त्यसैमा रुमलिने होइन, समाजवाद तर्फ अगाडि बढ्नु पर्दछ। नयाँ जनवाद र वैज्ञानिक समाजवादका बीचमा त्यति ठूलो पर्खाल हुँदैन।

नयाँ जनवादका सन्दर्भमा नेकपाको आठौ महाधिवेशनद्वारा पारित दस्तावेजले प्रस्तुत गरेको अवधारणा मूलतः सही थियो। दस्तावेजमा लेखिएको छ, "हामीले नेपालमा शान्ति, स्वाधीनता, समानता र समृद्धिको बाधक बनेको दलाल पुँजीवादी संसदीय व्यवस्थालाई परिवर्तन गर्नुछ। नयाँ जनवादी क्रान्तिको पुल पार गर्दै वैज्ञानिक समाजवाद स्थापना गर्नुछ। यो नेपाली राजनीतिको युगीन कार्यभार हो।" यस उद्धरणमा भनिए जस्तै नयाँ जनवाद भनेको अर्ध-सामन्ती तथा अर्ध/नव-औपनिवेशिक अवस्थामा रहेको समाजलाई वैज्ञानिक समाजवादसँग जोडने राजनीतिक पुल नै हो, स्थायी चरण होइन।

तर, अहिले आएर नेकपा आफ्नै महाधिवेशनले पारित गरेको नयाँ जनवादलाई पुलको रुपमा स्वीकार गर्न तयार छैन। रणनैतिक संयुक्त मोर्चा मार्फत् तल सङ्घर्षका कार्यक्रमहरु लैजाने विषयमा यसले अवरोध खडा गरेको छ। प्रचण्डहरुले नेपालमा नयाँ जनवाद आफ्नै मौलिकतामा पुरा भयो भने पनि नयाँ जनवादका बाँकी रहेका कार्यभार समाजवादी चरणमा पुरा गरिने छन् भन्न अहिलेसम्म छाडेका छैनन्। यो उनीहरुले क्रान्तिको प्रक्रियामा गरेको गद्दारीलाई लुकाउन र जनताका बीचमा आफूहरु क्रान्तिको स्वाभाविक प्रक्रियाबाट विचलित नभएको भ्रम दिन भनेको धोकापूर्ण अभिव्यक्ति हो। तर, प्रचण्डले नेपाली क्रान्तिमा धोका दिए भनेर चर्को आलोचना गर्ने कमरेड विप्लव प्रचण्ड भन्दा पनि अझ अगाडि बढेर नयाँ जनवाद शब्द सुन्नै नचाहने ठाउँमा कसरी पुगे ? त्यसमाथि यदाकदा नेकपाका केही नेताका मुखबाट सुन्न पाइने बृहत कम्युनिस्ट एकता जस्ता अभिव्यक्तिलाई कसरी बुझ्ने ? यी र यस्ता प्रश्नले विषयलाई निकै गम्भीर बनाएको छ।

अब कार्यनीतिका बारे छोटो चर्चा गरौं। सर्वहारा वर्गको पार्टीले रणनीतिक उद्देश्य प्राप्त गर्नका लागि शोषित तथा उत्पीडित जनताको सङ्घर्षशील चेतना, सङ्गठनको आत्मगत स्थिति, प्रतिक्रियावादी शक्तिहरुका बीचको अन्तर्विरोध आदि विषयको वस्तुवादी विश्लेषणको आधारमा धेरैभन्दा धेरै जनतालाई आन्दोलनमा गोलबन्द गर्न सहयोग पुग्ने गरी निर्धारण गरिएको तात्कालिक नीतिलाई पार्टीको कार्यनीति भनिन्छ। कार्यनीति तत्कालको परिस्थिति सापेक्ष हुन्छ र परिस्थितिमा आउने परिवर्तनसँगै यसलाई परिवर्तन गरिरहनु पर्दछ। यसै भएर लेनिनले कार्यनीति २४ घण्टामा बदलिन सक्छ भन्नु भएको हो। कार्यनीतिलाई पार्टीको दैनिक राजनैतिक आचरण पनि भन्ने गरिन्छ।

क्रान्तिकारी पार्टीले विशेष ध्यान दिनु पर्ने कुरा के हो भने क्रान्तिको एउटा रणनीतिक चरण अन्तर्गत कार्यनीतिका थुप्रै श्रृङ्खलाहरु हुन्छन्। ती कार्यनीति कार्यान्वयनको प्रक्रियामा कुनै बेला शक्ति सन्तुलन क्रान्तिकारीको पक्षमा विकसित हुन्छ र त्यो विशिष्ट स्थितिमा पार्टीको रणनीति नै तात्कालिक कार्यनीतिक एजेण्डा हुन पुग्दछ। त्यो नै रणनीतिक उद्देश्य प्राप्तिको अन्तिम विन्दु हो। यहाँ, बुझ्नु पर्ने अर्को कुरा के हो भने अर्थ-सामाजिक विश्लेषणका आधारमा क्रान्तिको रणनीति निर्धारण गरिसकेपछि त्यसको सफलता वा असफलताको मूल जिम्मेवार कार्यनीति हुन्छ, रणनीति आफै होइन। रणनीति नै अवस्तुवादी र गलत पनि हुन सक्छ, अन्यत्र पनि समस्या हुन सक्छन्, त्यो अर्कै कुरा हो। यहाँ भन्न खोजिएको कुरा के हो भने क्रान्तिको रणनीति सही छ भने पार्टीले अवलम्बन गर्ने कार्यनीति कान्तिको विजय वा पराजयका लागि जिम्मेवार हुन्छ। यतिमात्र पनि होइन, कुनै बेला त कार्यनीतिक सफलता रणनीतिक सफलताको बाधक समेत भएर आउन सक्छ। यस्तो स्थिति कार्यनीति नै गलत भएको कारणले वा कार्यनीति सही भए पनि परिस्थिति बदलिएको कारणले पैदा हुन्छ।

कार्यनीति र रणनीतिको अन्तरसम्बन्ध बारे कमरेड स्तालिनले अत्यन्त सटिक संश्लेषण गर्नु भएको छ। सङ्कलित रचना भाग ५, पृष्ठ ६६ मा उहाँ भन्नु हुन्छ, "कार्यनीतिहरु रणनीतिक स्वार्थका मातहत हुन्छन्। सामान्य ढङ्गले भन्ने हो भने, कार्यनीतिक सफलताले रणनीतिक सफलताको तयारी गर्छ। कार्यनीतिको काम भनेको सङ्घर्षमा जनतालाई यस्तो नारा दिनु र सङ्घर्षमा यसरी नेतृत्व दिनु हो, जुन सङ्घर्षले युद्धमा विजय अर्थात् रणनीतिक सफलता हासिल गरोस्। तर कहिले काहीं कार्यनीतिक सफलताले रणनीतिक सफलतालाई विफल बनाउने वा त्यसलाई पर धकेल्ने अवस्था पनि आउन सक्छ। यस्तो स्थितिमा क्रान्तिकारीहरु कार्यनीतिक सफलतालाई छाडेर अगाडि बढ्नु पर्दछ।" स्तालिनको यो भनाइले कार्यनीतिको काम रणनीतिको सेवा गर्ने हो भन्ने कुरालाई मात्र जोड दिएको छैन, बरु यसले रणनीतिको सेवा नगर्ने कार्यनीतिक सफलता वस्तुतः सफलता नै होइन र त्यस्तो सफलताको पछि नगालेर क्रान्तिकारीहरुलाई रणनीतिको सेवागर्ने अर्को कार्यनीतिको विकास गर्न पनि सुझाएको छ। यो कार्यनीतिका सन्दर्भमा स्तालिनबाट प्राप्त एउटा अत्यन्त महत्वपूर्ण शिक्षा हो।

क्रान्तिको सफलताका लागि रणनीतिको निर्धारण र तदनुरुपको कार्यनीतिको विन्यास कति सम्वेदनशील हुन्छ भन्ने कुरा माथिको छलफलबाट प्रस्ट हुन्छ। सच्चा कम्युनिस्टहरुले सामान्यतः रणनीतिमा त्यति गल्ति गर्दैनन्। गल्ती हुने कार्यनीतिमा हो। गल्ती मुख्यतः दुई प्रकारका हुन्छन्। एक, रणनीतिमा जोड दिने तर, कार्यनीतिको विकासमा ध्यान नदिने। यस्तो पार्टीले रणनीतिको प्रचार त निकै गरिराखेको हुन्छ, तर क्रान्तिकारी आन्दोलनको विकास गर्न सक्दैन। यसको वैचारिक आधार जडसूत्रवाद हो। दुई, कार्यनीतिको विकासमा त निकै जोड दिने तर त्यसले रणनीतिको सेवा गर्छ कि गर्दैन भन्ने कुरामा ध्यान नदिने। यस्तो पार्टीले सङ्गठन र सघर्षको क्षेत्रमा केही विकास त गर्न सक्छ, तर क्रान्ति सफल पार्न सक्दैन। यसको वैचारिक आधार अनुभववाद हो र दक्षिणपन्थी विसर्जनवाद यसको अन्तिम परिणाम। रणनीति र कार्यनीतिको सन्दर्भमा मुख्यतः यी दुई प्रकारका गल्तीबाट बचेर क्रान्तिको विकास र विजयमा जोड दिनु पर्दछ।

नेपाल कम्युनिस्ट पार्टीले वैज्ञानिक समाजवादलाई नेपाली क्रान्तिको न्यूनतम कार्यक्रम बनाएको छ र त्यसलाई प्राप्त गर्नका लागि प्रगतिशील संयुक्त सरकारको स्थापना तथा त्यसैको नेतृत्वमा हुने जनमत सङ्ग्रहलाई कार्यनीतिका रुपमा अगाडि सारेको छ। अर्को भाषामा भन्नु पर्दा प्रगतिशील सरकारको नेतृत्वमा गराइने जनमत सङ्ग्रहको प्रक्रियाबाट नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्नु नेकपाको तत्कालीन कार्यनीति हो। यसरी नेकपाले प्रस्तुत गरेको कार्यनीतिको सेटमा प्रगतिशील संयुक्त सरकार, जनमत सङ्ग्रह र वैज्ञानिक समाजवाद रहेका छन्।

पहिला सरकारबारे कुरा गरौं। कुनै पनि क्रान्तिकारी कम्युनिस्ट पार्टीले क्रान्ति पूर्व सरकारको नारा दिनै पर्छ भन्ने छैन। तर, आन्दोलनको विशिष्ट स्थितिमा पार्टीले कार्यनीतिक सरकारको नारा दिन सक्छ अथवा दिनु पर्ने हुन्छ। सामान्यतः वर्ग सङ्घर्ष चर्किएको र शक्ति सन्तुलन क्रान्तिकारीहरुका पक्षमा रहेको स्थितिमा क्रान्तिकारी पार्टीले यस्तो नारा दिने गर्छन्। १९०५को क्रान्ति उत्कर्षित गएको बेला लेनिनको नेतृत्वमा रुसको कम्युनिस्ट पार्टीले अस्थायी क्रान्तिकारी सरकार र संविधान सभाको चुनावलाई कार्यनीतिका रुपमा अगाडि सारेको थियो। लेनिनले रुसी सर्वहारा वर्गको तात्कालिक र "समाजवादको अन्तिम उद्देश्य" पुरा गर्नका निमित्त "पूर्ण संभव राजनीतिक स्वतन्त्रता" प्राप्त गर्न त्यस्तो कार्यनीति आवश्यक भएको कुरा सामाजिक जनवादी पार्टीका दुई कार्यनीति भन्ने महत्वपूर्ण कृतिमा उल्लेख गर्नु भएको छ। यहाँ के कुरामा स्पष्ट हुन आवश्यक छ भने अस्थायी क्रान्तिकारी सरकार र संविधान सभालाई रुसमा सिधै समाजवाद स्थापना गर्ने राजनीतिक प्रक्रियाका रुपमा अगाडि सारिएको थिएन, बरु तिनलाई समाजवादको उद्देश्य पुरा गर्नका निम्ति सहयोगी हुने पूर्ण राजनीतिक स्वतन्त्रता प्रदान गर्ने साधनका रुपमा प्रस्तुत गरिएको थियो।

१९०५को अक्टोबरमा क्रान्ति उत्कर्षित पुगे पनि रुसी कम्युनिस्ट पार्टीले अगाडि सारेको कार्यनीतिक नारालाई त्यति बेला प्रतिक्रियावादी सत्ताले स्वीकार गरेन। १९१७ को फरवरी क्रान्तिपछि मात्र रुसमा अस्थायी क्रान्तिकारी सरकार कार्यान्वयनमा गयो। तर, लेनिनको नेतृत्वमा रहेको रुसी कम्युनिस्ट पार्टी (बोल्शेभिक) त्यसमा सहभागी भएन। लेनिनको नेतृत्वमा क्रान्तिकारीहरु सम्पूर्ण सत्ता सोभियतलाई भन्ने नारा लिएर अगाडि बढे र जनविद्रोह मार्फत् अक्टोबर २५मा रुसमा समाजवादी क्रान्ति सम्पन्न भयो। क्रान्ति पछि बनेको समाजवादी सरकारले रुसमा संविधान सभाको निर्वाचन गरायो। तर संविधान सभामा बोल्शेभिकहरु अल्पमतमा परेको र देशको परिस्थिति निकै अगाडि बढिसकेको स्थितिमा संविधान सभाले समाजवादी सत्तालाई सुदृढ गर्न सहयोग पुऱ्याउने भन्दा पनि क्रान्तिकारीहरुलाई अल्झाउने अवस्था पैदा भयो। त्यो स्थितिमा संविधानसभालाई भङ्ग गरी क्रान्तिकारीहरु अगाडि बढे। त्यति बेला संविधान सभाको निर्वाचनलाई आफ्नो कार्यनीतिक सफलता ठानेर पार्टी त्यसैमा लुटपुटिएको भए रुसी क्रान्ति कता जान्थ्यो भन्न सकिन्न।

यसैगरी जापानी आक्रमणकारीहरु प्रतिरोध युद्धमा परास्त हुँदै गएको र चिनिया क्रान्ति गृहयुद्धको चरणमा प्रवेश गर्ने लागेको विशिष्ट स्थितिमा १९४५मा आयोजित चिनिया कम्युनिस्ट पार्टीको सातौं राष्ट्रिय महाधिवेशनमा संयुक्त सरकारको कार्यनीतिक नारा पारित भयो। यही कार्यनीति अन्तर्गत, पार्टीले जापानी आक्रमणकारीहरुलाई पूर्ण रुपमा परास्त गर्ने, नयाँ चीनको निर्माण गर्ने र गृहयुद्धलाई रोक्ने घोषित उद्देश्य सहित कोमिन्ताङ्को एकल पार्टी अधिनायकत्वको अन्त्य र जनवादी संयुक्त सरकारको स्थापना गर्ने माग अगाडि सार्यो। पार्टीले प्रस्ताव गरे अनुसार चीनमा संयुक्त सरकार त बनेन, तर त्यो कार्यनीतिक नारा कोमिन्ताङका मुठ्ठीभर अनुदारवादी शासकलाई एक्ल्याएर चीनमा क्रान्तिका लागि व्यापक जनमत निर्माण गर्न सफल रऱ्यो। माओको नेतृत्वमा १९४९ अक्टोबर १ मा जनवादी गणतन्त्र चीनको स्थापना भयो। लेनिनको पार्टी अस्थायी क्रान्तिकारी सरकार बनेर पनि बाँकी ३ पेजमा


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com

# नेपालमा किसान आन्दोलन : सम्भावना र चुनौतीहरु



● सीताराम तामाङ ●

*किसान आन्दोलनको कुरा गर्दा प्रथम ख्याल गर्नु पर्ने कुरो के छ भने किसान हरूले गर्नु पर्ने केही केन्द्रिकृत कार्यक्रम छन् भने कतिपय पेशागत वा स्थानीय समस्या पनि छन् । दोश्रो, किसान संगठनहरू विभिन्न राजनीतिक दलहरूको भातृसंगठनका रूपमा छन् र तिमध्य कतिपय संघर्षको पक्षमा छैनन् । यस्तो अबस्थामा, किसानहरूको चेतनास्तरमा भएको भिन्नताको कारणले राष्ट्रिय स्तरमा संगठित भएर आन्दोलन गर्न सक्ने अवस्था रहँदैन । चौथो, किसानहरूको पेशागत र स्थानीय समस्याका आधारमा उनीहरूलाई संघर्षमा उत्रन प्रेरित गर्नु पर्ने र त्यस प्रकारको संघर्षलाई केन्द्रित गर्नु पर्ने । पाँचौ, राजनीतिक पार्टीहरूले किसानको मुद्दालाई भातृसंगठनको मात्र जिम्मा ठान्ने र उपेक्षा गर्ने प्रवृत्ति ।*

***१) विषय उठान :***

नेपालको किसान र कृषिक्षेत्र निरन्तर पछि पर्दै आएको र पछिल्लो कालमा कृषि क्षेत्रमा परनिर्भरता झनै बढेको विकराल समस्या खडा भएकोछ । २००७साल पछि किसिम किसिमका परिवर्तन भए र विभिन्न रंगरुपका सरकारहरु बने । तर तिबाट नेपाली कृषि र किसानबर्गको हितमा समुन्नति ल्याउने कुनै पनि ठोस र आधारभूत कदम चालिएनन्, कृषिक्षेत्र सर्वाधिक उपेक्षामा पर्दै आयो र कृषिक्षेत्र नै नराम्ररी परनिर्भरताको पासोमा जकढिदै आयो । यसरी कृषि र नेपाली किसानको स्थिति आन्तरिक तथा बाह्य शोषणले दिनानुदिन झन झन गिर्दै गएको र दयनीय अवस्थाबाट गुज्रदै आएकोछ । कृषिक्षेत्रबाट उर्जाशील युवाहरुको ब्यापक पलायनको कारण पनि यही हो । घरको अवस्था गए गुज्रेको भए पछि छोराछोरी पेट पाल्न साहुको घरमा जानु स्वभाविकै हो ।

नेपालको आजसम्मको राजनीतिक परिपाटीहरुले कृषिको सर्बोपरी उन्नति र विकास तथा किसानको चौतर्फी समुन्नति हुने राष्ट्रिय औद्योगिकरणको आधारभूत, दीगो र प्रष्ट आधार खडा गर्न सकेनन् जसको कारण खाद्य संप्रभूताको अधिकार र खाद्य सुरक्षाको पनि सुनिश्चितता रहेन । यस्तो गम्भीरतम् स्थितिमा कृषि र किसान बर्गको आमुल परिवर्तन आजको आधारभूत राष्ट्रिय आवस्यकता हो । यसै विषयमा यहाँ छलफल गरिनेछ ।

***२) समस्या राजनीतिक दृष्टिकोणाको***

२०७ सालदेखि ०१७ सम्मको सरकारहरु अस्थिर थिए भनियो, ०१७ देखि २०४६ सम्मको सरकार सामन्ती हुकुमी थियो र विकास भएन भनियो । २०४७को संसदीय परिवर्तन पछिका सरकारहरु पनि अस्थिर भए, विकास गरेनन् भनियो तर ०७२ साल पछि बनेको संसदको झण्डै दुई तिहाईको सरकारले के गऱ्यो ? देशका किसान र कृषिको यो दुराबस्थाको अन्त्य र कृषिक्षेत्रमा उत्साहको वातावरण सिर्जन ागर्ने नीति र कार्यक्रम अघि सारेर तिनलाई कार्यान्वयन गर्नुको साटो आपसी सत्ता केन्द्रित संकीर्ण, स्वार्थी र भागवण्डाको राजनीति र पराश्रित प्रवृत्तिको बढवाले राष्यिता र जनतंत्रलाई नै दाउमा राख्ने प्रतिगामी फासिवादी कदम चालेर मुलुकलाई र जनतामाथि नै खेलबाड गरिएकोछ । संसदीय राजनीति पुनः अीथर भएकोछ, राजनीतिमा वैदेशिक शक्तिहरु अरु हावि भएका छन् । र स्वभावतः कृषिमा पनि बैदेशिक भूमिका बढाइएकोछ । नेपाल सरकारको आ.व. २०७७।०७८को बजेट कार्यक्रमबाट क्रान्तिकारी भूमि सुधारको सट्टा साम्राज्यवादीहरुको इसारामा भूमि बैंक र प्रधानमन्त्री ओलीले पौष ५ गते संसद भङ्ग गर्नको लगत्तै पौष ७ गते बहुराष्ट्रिय कम्पनीहरुको हितमा नेपालको कृषिमा प्रत्यक्ष बैदेशिक लगानी (५० करोड भन्दा माथि पुँजी भएको) भित्र्याउने नीति ल्याएकोछ । साथै एम.सी.सी. कार्यक्रम मार्फत भारतलाई विजुली (कच्चा पदार्थ) बेच्ने र भारतबाट तयारी बस्तुहरु नेपालमा भित्र्याउने नीतिलाई यथावत राखिएको छ ।

किन नेपालका आजसम्मका सरकारहरु यस प्रकारका देशहित र जनहित विपरित कामहरु ग्र्दैछन ? किन भने राणा शासन होस, पञ्चायतती शासन होस वा संसदीय शासन प्रणाली होस, सबैले साम्राज्यवादको अर्ध-उपनिवेश वा नवउपनिवेशको दलाल भएर काम गरेका थीए र छन् । अलि राज्यको संरचना हेर्दा लोकतान्त्रिक गणतन्त्र देखिएता पनि यो वास्तवमा अर्धसामन्ती, अर्ध उपनिवेशिक तथा नव उपनिवेशिक चरित्र भएको प्रतिकृयावादी राज्य संरचना भएको मुलुक हो यस्तो प्रतिकृयावादी राज्य संरचना भएको देशको सरकारबाट राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सूनिश्चितता हुन सक्तैन । माओ भनाई अनुसार साम्राज्यवादीहरु प्रत्यक्ष उपनिवेशिक शासन अन्त्य भए पछि त्यसको सट्टा नवउपनिवेशिक शासन पद्दति अपनाएका छन् जस्ले त्यहाँ आफूले छानेका र तालिम दिएका दलहरुमार्फत शोषणलाई विकसित गरेकाछन् । यो नवउपनिवेश पुरानो उपनिवेशभन्दा धैरै घातक र षड्यन्त्रकारी छ ।

साम्राज्यवादीहरुले नवउपनिवेशवादी नीतिलाई नवउदारवादको नाममा वहुराष्ट्रिय कम्पनिहरु विश्व व्यापार संगठन, विश्व बैंक, अन्तराष्ट्रिय मुद्राकोष मार्फत विश्ववैकरण, उदारीकरण र निजीकरणको नीति लागु गरेकाछन् । साम्राज्यवाद दलाल प्रतिकृयावादी शासकवर्गद्धारा नवउदारवादको नाममा लागु गरिएको भूमि बैंक, कर्पोरेट फार्मिङ, करार खेती, प्रत्यक्ष वैदेशिक लगानी, आदि किसान र कृषिहित विपरित हुनु स्वभाविक छ जो हामी भोग्न बाध्य छौं । नेपालको सरकार साम्राज्यवाद तथा विस्तारवादको दलाल सरकार हो । यसलाई लागु गरेका उक्त नीतिहरुको विरुद्ध संघर्ष गरेर नै हामी नेपालको किसान र कृषिको जगेडा गर्न सक्तछौं ।

***३) किसान र कृषि-समस्याहरु***

***क) भूमि समस्या :*** २०६७को जनगणनालाई आधार मान्दा नेपालको कूल जनसंख्याको ७४ प्रतिशत किसान परिवार छन् । उक्त किसान परिवारमध्य ५३ प्रतिशतसँग ०.५ हे. भन्दा कम भूमि रहेकोछ । यो ५३ प्रतिशत किसान परिवारले कुल कृषियोग्य भूमिको १८ प्रतिशत जग्गा कमाउँदछन् । यता ठूला किसान (२हे.भन्दामाथि) ४ प्रतिशत २२ प्रतिशत भने २२ प्रतिशत जमिनका मालिक छन् । नेपालमा कृषिमा संलग्न जनसंख्या ६६ प्रतिशत रहेकोछ । ६० प्रतिशत किसानलाई कृषिको आम्दानीले बर्षभरि खान पुग्दैन । उक्त आँकडा हेर्दा मूलतः यो देश साना किसान र भूमिहिन किसानको देश हो भन्ने प्रष्टछ । क्रान्तिकारी भूमि सुधार कार्यक्रम जस्को 'जोत उसको पोत' गरी जमिनको चक्लावन्दी मार्फत किसान स्वामित्वका ठूला ठूला सहकारी फार्महरु विकास गर्नु पर्नेमा सरकारको नवउदारवादी नीतिहरुले सिर्जना गरेका खाद्य, उर्जा, जल, जमिन, जलवायु सम्वन्धित गम्भीर सस्ट किसानले भोग्नु परिरहेकोछ ।

***ख) उत्पादन र बजारको समस्या :*** नेपाल साना किसान तथा भूमिहिन किसानको बाहुल्य भएको देश हुनाले यहाँ सानु स्केलको खेती प्रणालीको प्रधानता रहेकोछ । यो प्राक् पुँजीवादी अवस्था हो । यसलाई गुजारामुखी खेती भनिन्छ । ठूला र अनुपस्थित जमिनन्दारहरुले जमिनमा आधुनिकीकरण र ब्यवशायीकरण गर्नुको सट्टा ठेक्का, बटैया, कूत, आदि लगान खाने हिसाबले साना किसान मार्फत खेती गराउँदछन् । यो पनि एउटा अर्ध-सामन्ती रुप हो । व्यवसायिक खेतीको विकासको नाममा नगन्य व्यवसायिक फार्मिङहरु तथा कृषि सहकारी उत्पादन सुरु भएका छन् । कृषि सहकारी हरुले किसानको हकहित भन्दा 'सहकारी माफिया' बनेर दलाल पुँजीपतिको पक्षपोषण गरेका छन् । सरकारले कृषि ब्यवसायिकरणको नाममा 'कर्पोरेट फार्मिङ' (औपनिवेशिक अर्थात वहुराष्ट्रिय कम्पनीद्वारा संञ्चालित फार्मिङ) को नीतिलाई अघि बढाएकोछ । हालै ओली सरकारले ल्याएको भूमि बैंक र कृषिमा प्रत्यक्ष विदेशी भित्र्याउने कार्यक्रम लागु गरेकोछ । न्यूनतम छइ करोड स्थिर पुँजी भएको विदेशी कम्पनिले नेपालको कृषि क्षेत्रमा लगानी गर्ने सक्ने व्यवस्था गरिएकोछ र लगानीकर्ताले ७५ प्रतिशत उत्पादन निर्यात गर्न पाउनेछन् ।

कृषिक्षेत्रमा कृषि उत्पादनको लागि बजार प्रमुख समस्या हो । किसानले उत्पादन गरेको बस्तुले बजार र मुल्य पाउँदैन । आयातीत खाद्यान्न, तरकारी, फलफूल, दुध, मासु, आदिले बजार ढाकेको हुन्छ र मूल्य तुलनात्मक हिसाबले सस्तो हुन्छ । उक्त कारणहरुले गर्दा कृषि उत्पादनप्रति किसानहरु पलायन हुँदै गएका छन् भने भूमिको सहकारीकरण, ल्पटिङको विकास र पहाडमा कृषि उत्पादनप्रतिसरकारको उदासिन नीतिका कारण कृषियोग्य जमिन (ठूला र साना स्केल, दुबै) बाँझो बन्दै गएको अवस्था छ ।

***४) किसान आन्दोलन केन्द्रित कार्यक्रम आवश्यक***

नेपालमा कृषि क्षेत्रलाई दलाल पुँजीपतिहरुको हैकमभित्र पारिएकोछ । सामन्ती तत्वहरु र जमिनदारहरुले साम्राज्यवादी शक्तिको (प्रत्यक्ष विदेशी पुँजी निवेश) आडमा 'कर्पोरेट फार्मिङ' को कार्यक्रमलाई लागु गरेकाछन् । भूमि बैंक र कृषिमा प्रत्यक्ष विदेशी लगानी कार्यक्रम यसको पछिल्लो र विकसित कडी हुन । भारतीय विस्तारवादको नेपालको कृषिक्षेत्रमा प्रत्यक्ष हस्तक्षेप रहिआएकैछ । हाम्रो जस्तो अर्ध-सामन्ती, अर्ध-उपनिवेशिक तथा नवउपनिवेशिक मुलुकमा सामन्ती तथा औपनिवेशिक प्रकारको शोषणको बोझ मुलतः किसानमाथि नै परेको हुन्छ । तसर्थ आज किसान आन्दोलनले सामन्ती उत्पादन प्रणाली अन्त्यको लागि र कृषिमा विदेशी एकाधिकार पुँजीको विरुद्ध संघर्ष गर्नु आवश्यकछ । हामीले अहिले गर्नु पर्ने काम भनेको क्रान्तिकारी ढंगले ठूलो स्केलको खेती प्रणाली अपनाउँदै राजकीय पुँजीवादको विकास गर्नु हो ।

- ❑ सामन्तवादका अवशेषहरुको अन्त्य र दलाल - नोकरशाही पुँजीवादी भूस्वामित्व र सम्वधलाई निस्तेज बनाउने
- ❑ मुलुकको कृषि, भूमि र कृषि-व्यापारमाथि बहुराष्ट्रिय कम्पनिहरुको एकाधिकार स्थापित हुन नदिने । अहिले ओली सरकारले ल्याएको भूमि बैंक र कृषि उत्पादनमा विदेशीको प्रत्यक्ष लगानी नीतिको विरोध गर्ने ।
- ❑ वास्तविक जोताहा किसानको जमिनमाथिको हक कायम गर्ने र उनीहरुलाई सघन खेती र सहकारी उत्पादनतर्फ लगाउने ।
- ❑ किसान संगठनलाई बलियो बनाउने ।
- ❑ खाद्य संप्रभूताको सूनिश्चितता राज्यले गर्ने ।
- ❑ राज्यले कृषिको ब्यवसायिकरण, विविधीकरण, विशिष्टिकरण, र ब्यापारी करणको कार्यक्रम लागु गर्ने । आदि ।

हामीले गर्नु पर्ने यी मोटामोटी कार्यक्रम हुन । यिनै कार्यक्रम लियर हामी किसान आन्दोलनमा उत्रनु पर्दछ । एउटा अर्ध सामन्ती तथा अर्ध-औपनिवेशिक तथा नव-औपनिवेशिक मुलुकमा राष्ट्रियता र जनतन्त्रको आन्दोलनको मूल आधार किसान नै हुन । हाम्रो पाटीले संघीय जनगणतन्त्र प्राप्तिको राजनीतिक कार्यदिशा सशस्त्र जनविद्रोह बनाएकोछ र त्यस कार्यक्रमको अग्रभाग सहकारी मजदुर संघर्ष र आधार भाग किसान संघर्षलाई बनाएकोछ । तसर्थ किसान आन्दोलनलाई सबै प्रकारको संघर्षको आधार विन्दु बनाईनु पर्दछ ।

***५) चुनौति :***

किसान आन्दोलनको कुरा गर्दा प्रथम ख्याल गर्नु पर्ने कुरो के छ भने किसान हरुले गर्नु पर्ने केही केन्द्रिकृत कार्यक्रम छन् भने कतिपय पेशागत वा स्थानीय समस्या पनि छन् । दोश्रो, किसान संगठनहरु विभिन्न राजनीतिक दलहरुको भातृसंगठनका रुपमा छन् र तिमध्य कतिपय संघर्षको पक्षमा छैनन् । यस्तो अबस्थामा, किसानहरुको चेतनास्तरमा भएको भिन्नताको कारणले राष्ट्रिय स्तरमा संगठित भएर आन्दोलन गर्न सक्ने अवस्था रहँदैन । चौथो, किसानहरुको पेशागत र स्थानीय समस्याका आधारमा उनीहरुलाई संघर्षमा उत्रन प्रेरित गर्नु पर्ने र त्यस प्रकारको संघर्षलाई केन्द्रित गर्नु पर्ने । पाँचौ, राजनीतिक पार्टीहरुले किसानको मुद्दालाई भातृसंगठनको मात्र जिम्मा ठान्ने र उपेक्षा गर्ने प्रवृत्ति ।

सम्पर्क- का.जि. काठमाडौं (टोखा)
फोन नं. १०५११०४९८
*Email: srtamang@gmail.com*
*raigd9863@gmail.com*

## वैज्ञानिक...

त्यसमा सहभागी भएन र चीनमा संयुक्त सरकार नै बनेन । तर ती कार्यनीतिक सरकारका नाराले क्रान्तिको सफलताका निमित्त जनतालाई गोलबन्द गर्न निकै महत्वपूर्ण भूमिका खेलेका थिए ।

क्रान्तिको प्रक्रियामा कुनै पनि कम्युनिस्ट पार्टीका लागि कार्यनीतिक सरकारको नारा दिनै पर्ने वा दिनै नहुने त्यस्तो कुनै सैद्धान्तिक विषय होइन । यो तात्कालिक स्थितिमा क्रान्तिको आवश्यकता हेरी पार्टीले निर्धारण गर्ने कुरा हो । नेपालमा कार्यनीतिक सरकारको नारा दिने कि नदिने दिए कस्तो दिने भन्ने कुरा नेपाली क्रान्तिको तात्कालिक स्थिति र शक्ति सन्तुलनमा भर पर्छ । यति बेला नेपालमा शक्ति सन्तुलन क्रान्तिकारीको पक्षमा छैन । क्रान्तिकारी कम्युनिस्ट आन्दोलन अत्यन्त कमजोर रहेको, प्रायः तीनै तहका सरकारमा विभिन्न रुपका संशोधनवादीहरुको अत्यधिक दवदवा भएको, थुप्रै प्रतिक्रियावादी पार्टीहरुले समेत समाजवादलाई आफ्नो कार्यक्रमिक उद्देश्य भन्दै आएको, त्यसमाथि नेपालको सम्विधानमै देश समाजवाद उन्मुख हुने कुरा लेखिएको र सत्ता तथा व्यवस्थाबाट वाक्कदिक्क भए भनि त्यसका विरुद्ध जनता सडकमा आउन तयार नभइरहेको स्थितिमा प्रगतिशील सरकारको गठन र त्यसैको नेतृत्वमा पुँजीवाद कि वैज्ञानिक समाजवाद भन्ने फैसला गर्नका लागि नेकपाले अगाडि सारेको जनमत सङ्ग्रहको कार्यनीतिले दिने राजनीतिक निकास कस्तो हुने हो ? यो प्रश्न निकै विचारणीय छ ।

नेकपाको यो कार्यनीतिक नाराका आधारमा के भन्न सकिन्छ भने पार्टीले निर्धारण गरेको वैज्ञानिक समाजवादी क्रान्तिको कार्यक्रम अव जनमत सङ्ग्रह मार्फत् कार्यान्वयन गर्ने विन्दुमा आइपुगेको छ । अर्थात् पार्टी जनमत सङ्ग्रहको कार्यनीति मार्फत् वैज्ञानिक समाजवादी क्रान्ति पुरा गर्न अगाडि बढेको छ । मार्क्सवादका अनुसार वैज्ञानिक समाजवाद भनेको पुँजीवाद र साम्यवादका बीचको सङ्क्रमणकालीन राज्य व्यवस्था हो र समाजवादी सत्ता सर्वहारा वर्गको नेतृत्व र अधिनायकत्वमा आधारित हुन्छ । अव यहाँ गम्भीर प्रश्न अगाडि आउँछ, नेपालको प्रतिक्रियावादी सत्तालाई जनमत सङ्ग्रह पछि बन्ने सरकार र संविधानले विस्थापित गर्न सम्भव छ ? सत्ताको प्रश्न हल नगरी बन्ने सरकार र संविधानले सर्वहारा वर्गको अधिनायकत्व लागु गर्न सक्छ ? सक्दैन भने सत्ताको प्रश्न हल गर्ने र सर्वहारा वर्गको अधिनायकत्व लागु गर्ने विधि के हो ? यो क्रान्तिको फैसला गर्ने निर्णायक प्रश्न हो । नेकपाले यसबारे खुला र स्पष्ट धारणा राखेको छैन ।

यसै सन्दर्भमा गएको २०७७ फागुन २१ गते नेकपाका महासचिव कमरेड विप्लव र नेपाल सरकारका तत्कालीन प्रधानमन्त्री केपी ओलीको बीचमा तीन बुँदे सहमति भएको छ । उक्त सहमतिको बुँदा नं १ मा "दुबै पक्ष नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी देशको राजनीतिक समस्याहरु वार्ता र सम्वादबाट समाधान गर्न सहमत भएका छौं" र बुँदा नं २ मा "नेपाल कम्युनिस्ट पार्टी आफ्ना सबै राजनीतिक क्रियाकलाप शान्तिपूर्ण रुपमा गर्न सहमत भएको छ" भन्ने लेखिएको छ । पार्टी र आन्दोलन अप्ठ्यारो स्थितिमा परेको बेला सङ्घर्षलाई अगाडि बढाउनका लागि संभौतामा भाषा मिलाएर कुनै बेला पार्टीको योजनामा एक कदम पछाडि हट्नु पर्ने स्थिति आउन सक्छ । यस अर्थमा यो सहमतिले नै सबै कुरा बिगाऱ्यो नभनौ । तर, कुरा यति मात्र होइन । "राजनीतिक समस्याहरु वार्ता र संवादबाट समाधान गर्न सहमत" हुने, "सबै राजनीतिक क्रियाकलाप शान्तिपूर्ण रुपमा गर्न सहमत" हुने, जनमत सङ्ग्रहबाट वैज्ञानिक समाजवाद स्थापनाको कार्यनीति पेशगर्ने तर मुख्यतः राज्यसत्ताको प्रश्न हलगर्ने विषयमा सारसङ्ग्रहवादी तर्क गरेर पन्छिन खोज्ने कुराले नेकपाले गर्ने भनेको एकीकृत जनक्रान्ति कस्तो हो भन्ने एउटा गम्भीर प्रश्न खडा गरेको छ । यो त्यत्तिकै पन्छाउन मिल्ने सामान्य विषय होइन ।

यो स्थितिमा नेकपाका सामु मुख्यतः दुइवटा संभावना देखिन्छन् । एक, पार्टीले अगाडि सारेको प्रगतिशील सरकार एवम् जनमत सङ्ग्रहको मागलाई सरकारले स्वीकार गर्ने र त्यसपछि बनेको संविधानमा अव नेपाल वैज्ञानिक समाजवादमा प्रवेश गऱ्यो भन्ने वाक्याङ्श लेखेर क्रान्तिको प्रक्रिया टुङ्गिने । यो भनेको स्तालिनले भने जस्तै कार्यनीतिक सफलता रणनीतिक सफलताको बाधक बन्ने स्थिति हो । दुई, सरकारले जनमत सङ्ग्रहको मागलाई स्वीकार नगर्ने । यो स्थितिमा वैज्ञानिक समाजवाद सम्पन्न गर्नका लागि प्रस्ताव गरिएको कार्यनीति आफै रणनीति बनेर पार्टी जनमत सङ्ग्रहको गोल चक्करमा फस्ने । यसरी नेकपाले प्रस्तुत गरेको प्रगतिशील सरकार र जनमत सङ्ग्रहको कार्यनीति क्रान्तिको रणनीतिलाई सफल पार्ने भन्दा पनि क्रान्तिलाई नै सिध्याउने कार्यनीति बन्न जाने त होइन, एउटा गम्भीर प्रश्न खडा भएको छ ।

बुढाहरुले क्रान्ति गर्दैनन् भनेर छिटै क्रान्तिगर्न हिँडेका विप्लवहरु आज यो स्थितिमा पुग्नुका पछाडि वैचारिक तथा राजनीतिक कारणहरु जिम्मेवार छन् । आठौं महाधिवेशनको दस्तावेजमा मार्क्सवादी दर्शन, विपरीतहरुको एकता र सङ्घर्षको नियम, वैज्ञानिक समाजवाद, नेपालको अर्थ-सामाजिक अवस्था, वर्गविश्लेषण, साम्राज्यवाद, दुई-लाइन सङ्घर्ष, राष्ट्रिय मुक्तिको सवाल लगायतका क्षेत्रमा अगाडि सारेका जुन मान्यतालाई नेकपाले मार्क्सवादको विकास भनेको छ, त्यसले पार्टीलाई क्रमशः मार्क्सवादबाट विमुख बनाउँदै लगेको छ । यसरी यतिबेला नेकपाले अगाडि सारेको क्रान्तिको न्यूनतम कार्यक्रम, त्यसलाई प्राप्त गर्ने रणनीति र तात्कालिक कार्यनीतिका बीचमा देखिएको बेमेललाई विशुद्ध रणनीति र कार्यनीतिको मात्र नभएर विचारधारात्मक तथा राजनीतिक समस्याका रुपमा वुझ्नु पर्दछ ।

असोज ७, २०७८

## नेकपा...

जनतामाथि देउवाको नेतृत्वमा गठबन्धन सरकारको पुलिस प्रशासनले अन्धाधुन्ध गोली प्रहार गर्दा ४ जना सर्वसाधारण नागरिकको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन् । उक्त क्षेत्रमा अहिले अनिश्चितकालीन कर्फ्यु लगाई जनतालाई आतङ्कित बनाइएको छ । सरकारको यस प्रकारको गैरजिम्मेवारपूर्ण रवैयाको हाम्रो पार्टी घोर विरोध तथा भर्त्सना गर्दछ र मृतकका परिवारलाई क्षतिपूर्ति र घाइतेहरुको निःशुल्क उपचारको माग गर्दछ ।

यो घटना सत्ता बाहिर हुँदा भोटबैङ्क कब्जा गर्न जनतालाई उक्साउने र सत्तामा हुँदा विकासको नारा दिएर जनतालाई भ्रमित पार्ने संसदवादी राजनीतिक पार्टीहरुको फोहोरी खेलको परिणाम हो । यस प्रकारका समस्याको दीर्घकालीन समाधान संसदीय व्यवस्था र संसदीय पार्टीहरुसँग छैन । तत्कालका निमित्त उक्त क्षेत्रमा घर टहरा बनाई बसोबास गर्दै आएका परिवारहरुको आवश्यक छानबीन गरी भूमिहीन तथा सुकुम्बासी जनतालाई तुरुन्त वैकल्पिक व्यवस्था गर्न र अन्य भूमाफियाहरुलाई त्यहाँबाट हटाई उचित कारवाही गर्न हाम्रो पार्टी सरकारसित जोडदार माग गर्दछ ।

भूमि समस्या नेपालको आम समस्या हो र यो नयाँ जनवादी क्रान्तिले समाधान गर्नु पर्ने एउटा प्रमुख कार्यभार हो । तसर्थ, भूमि लगायत राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्याको दीर्घकालीन समाधानका निमित्त भूमिहीन तथा सुकुम्बासी सहित आम उत्पीडित वर्ग, जाति, क्षेत्र तथा लिङ्गका जनतालाई नयाँ जनवादी क्रान्तिको प्रक्रियामा सहभागी हुन हाम्रो पार्टी हार्दिक आह्वान गर्दछ । असोज २५, २०७८

प्रतीक
प्रवक्ता
नेकपा (क्रान्तिकारी माओवादी)'

## विप्लव...

बिरजंग पछिल्लो समय विप्लवले नेतृत्व गरेको नेकपाका केन्द्रीय सदस्य थिए ।

केही महिना अघि अदालतको आदेशमा चितवन कारागारबाट रिहा भएका बिरजंग कारागारमा रहदा समेत पटक-पटक अस्वस्थ भएपछि अस्पताल भर्ना भएका थिए ।

कपिलबस्तुको शिवराज गढीका स्थायी बासिन्दा ६१ बर्षिय बिरजंगका दुई छोरा र एक श्रीमती छन् । बिरजंग नेकपाका महासचिव नेत्र बिक्रम चन्दका सहोदर जेठा दाजु हुन् ।

२०१७ साल फागुनमा रोल्पाको इरिबाङमा जन्मिएका नेता वीरजङ्गको सम्पूर्ण जीवन राजनीतिमै व्यतित भएको छ । नेपालको कम्युनिस्ट आन्दोलनमा वीरजङ्गलाई क्रान्तिकारी, अत्यन्त इमानदार छवि भएका व्यक्तित्वका रूपमा चिनिन्छ ।

# भुटान–चीन सीमा सम्झौता





काठमाडौं। अक्टोबर १४ का दिन चीन र भूटानका विदेशमन्त्रीले दुई देशबीच केही वर्षदेखि जारी सीमा विवाद समाधानका लागि थ्री स्टेप रोडम्याप (तीन चरणको मार्गचित्र) मा हस्ताक्षर गरेका छन्। चिनियाँ विदेश मामलासम्बन्धी धारणा आउने गरेको ग्लोबल टाइम्सले सम्पादकीयमार्फत् 'भारतको हस्तक्षेपविना नै समझदारी भएको' उल्लेख गरेको छ। उसले भारतले आफ्ना छिमेकीलाई चीनसँग सम्बन्ध सुधार्नबाट रोक्न खोजेको आरोप लगाउँदै पछिल्लो समझदारी 'भारतको हस्तक्षेपबाट मुक्त' भएको टिप्पणी समेत गरेको छ। भुटानमा भारतको बलियो प्रभाव छ। उसको विदेश मामलामा भारतको भूमिका बढी हुने गरेको चर्चा चल्ने गरेको छ।

भुटानले चीनलगायत संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको कुनैपनि पाँच सदस्य राष्ट्रसँग दौत्य सम्बन्ध स्थापना गरेको छैन। अमेरिका, रुस, चीन, फ्रान्स र बेलायत जस्ता विश्वका शक्तिशाली पाँच देशसँग उसको दौत्य सम्बन्ध नरहेको हो।

यसलाई ग्लोबल टाइम्सले असामान्य परिस्थित भन्दै भारतमाथि दोष लगाएको छ। भारतले लामो समययता भुटानमाथि प्रभाव बनाइआएको उल्लेख गरेको छ।

चीन र भुटानबीच सहमति हुनुलाई भारतलाई झड्का परेको सन्देश चिनियाँ मिडियाले दिन थालेका छन्। चीन र भुटानबीच सीमा समस्या समाधान गर्न समझदारीपत्रमा हस्ताक्षर भएपछि भारतलाई तनाव भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले बताएका छन्। चीनले भुटानसँग सीमा समस्या समाधान गर्न चाहेको तर भारत समस्या बनेको ग्लोबल टाइम्सले लेखेको छ। चीन र भुटानबीचको समझदारीपत्रलाई भारतको विदेश मन्त्रालयले नोटमा राखेको मात्र भनेको छ।

ग्लोबल टाइम्सले भारतमाथि गम्भीर आरोप लगाउँदै नेपालमाथि पनि असामान्य प्रभाव जमाउन खोजेको टिप्पणी गरेको छ। दक्षिण एशियाली देशहरुले चीनसँग सम्बन्ध विकास गर्न खोज्दा भारतले साँघुरो सोचको भूराजनीतिक चिन्तन बनाएको आरोप लगाएको छ। भारतमाथि प्रभाव विस्तार गर्न खोजेको आरोप समेत लगाएको छ।

# साफ च्याम्पियनसिप : नेपाल ३–० ले पराजित



**मालि्दभ्समा भएको खेलको पहिलो हाफ बराबरीमा टुंगिएको थियो। खेलको ४९औँ मिनेटमा भारतका लागि सुनिल क्षेत्रीले गोल गरेका थिए। सुरेशसिंह वाङजेमले दोस्रो गोल गरे**

साफ च्याम्पियनसिपको फाइनल खेलमा नेपाल भारतसँग पराजित भएको छ। भारतले नेपाललाई ३-० गोल अन्तरले हराउँदै उपाधि हात पारेको हो।

मालि्दभ्समा भएको खेलको पहिलो हाफ बराबरीमा टुंगिएको थियो। खेलको ४९औँ मिनेटमा भारतका लागि सुनिल क्षेत्रीले गोल गरेका थिए। सुरेशसिंह वाङजेमले दोस्रो गोल गरे।

खेलको इन्जुरी समयमा साहल अब्दुल समदले अर्को गोल गर्दै विजय पक्का गरे।

प्रतिबन्धका कारण नेपालका प्रमुख प्रशिक्षक अब्दुल्ला अल्मुताइरी मैदानमा उपस्थित थिएनन्।

## अग्रगामी...

जनगणतन्त्रको संविधान बनाउनुको सट्टा पहिलो संविधान सभालाई नै विघटन गरियो। वास्तवमा यो संविधान सीमित पार्टीका शिर्ष नेताले सल्लाह गरेर फाष्ट ट्र्याक बाट बनाएको संविधान हो। यसको प्रकृया पनि त्रुटिपूर्ण थियो। संविधान जारी हुनु पूर्व र जारी पछि पनि यसको व्यापक विरोध भएको हो। तर, ती विरोधका स्वरको सुनवाई भएन। विभिन्न रुपमा अझै पनि विरोध जारि छ। यो अलग कुरा हो कि संघीय जनगणतन्त्रका लागि जनयुद्धमा सामेल भएको एउटा हिस्साले त्यो मागलाई छाड्यो र बिर्सियो। आज उनीहरु यहि लोकतान्त्रिक गणतन्त्रलाई नै शिरोधार्य गरेर हिँडिरहेका छन्। उनीहरुले यो संविधान प्रतिको असहमति कहिल्यै पनि दर्ज गराएका छैनन्।

सम्वत् २०७२ मा नयाँ संविधान जारी भयो। सरकारी पक्षले त्यो साँझ दिपावली मनाउने उर्दी जारी गऱ्यो। अर्को पक्षले यो सविधान च्यात्न र जलाउन आह्वान गऱ्यो। सरकारी कार्यालय र केहि भवनहरुमा मैनवत्ती बालेको देखियो। केहि ठाउँमा त्यो संविधान च्यात्ने र जलाउने गरेको पनि पाइयो। तर जनताको अत्यधिक ठुलो हिस्साले दुईवटै आह्वान माथि विश्वास गरेर साथ दिएको पाइएन। उनीहरु 'पर्ख र हेर' को मुडमा देखिए जस्तो लाग्यो।

नयाँ निर्वाचनको घोषणा सँगसँगै विभिन्न पार्टीहरुका वीचमा गठवन्धन बन्ने क्रम अघि वढ्यो। त्यसै क्रममा तत्कालिन माओवादी केन्द्र र एमाले का वीचमा पहिले चुनावी गठवन्धन र पछि गएर पार्टी एकता कायम भयो र उनीहरुले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनाए। त्यो पार्टीले झण्डै दुई तिहाई सीटबाट त्यो नयाँ पार्टीका प्रमुख नेता केपीशर्मा ओलीको नेतृत्वमा सरकार बनायो। संसदीय व्यवस्थामा कुनै एउटा पार्टीको दुई तिहाई बहुमत प्रायः संभव देखिँदैन।डबल नेकपाको यो सीट संख्यालाई केवल सरकारको स्थायीत्व कायम गर्ने रुपमा मात्र लिइएन कि यसलाई व्यवस्थाको स्थायीत्व र निर्विकल्पताको समेत द्योतकका रुपमा व्याख्या गरियो। भारतको पश्चिम बंगाल राज्यमा संसदीय निर्वाचन जितेर लगातार ३० वर्ष सम्म सरकार बनाउने सी पी एमको उपलव्धीलाई पछि पार्दै आगामी ५० वर्ष लगातार दुई तिहाईको सरकार बनाउने र शासन चलाउने जस्ता उद्घोष पनि सुनियो। यस्ता दम्भ र घमण्डले भरिएका धेरै विषयहरु हामीले सुन्दै र भोगदै आयौं।

परन्तु, त्यस्तो अवस्थामा पनि हामीले यो कथित एकता र यो सरकार'लामो समय सम्म टिक्न सक्दैन।यो व्यवस्था निर्विकल्प छैन, यसका अनेक विकल्प छन्। यो भन्दा अग्रगामी विकल्प छन्।'भन्दै आयौं। हेन्स अण्डरसेनको 'वादशाहका नयाँ लुगा' भन्ने अंग्रेजी कथामा नयाँ लुगा भने पछि हत्ते गर्ने सौखिन वादशाहलाई अदृश्य नयाँ लुगा सिलाई दिने नौटंकी गरेर दुईवटा ठगहरुले सबैलाई मूर्ख बनाएका थिए। राजा नांगै भएको सबैले देखेका थिए। तर त्यही कुरा भन्न कसैले सकेको थिएन। तर, एउटा निर्दोष वालकले राजा नांगै छ' भने पछि क्रमशः एक एक गर्दै सबैले 'राजा नांगै छ' भने जस्तै यतिखेर आएर यो व्यवस्था नांगिएको छ भन्नेहरुको संख्या तीब्ररुपमा बढ्दै गएको छ। दुई तिहाईको बहुमत प्राप्त सरकारका प्रधान मन्त्री के पी ओलीले सरकारमा छँदा गरेका राष्ट्रघात र जनघातका कैयौं घटना पश्चात् यहि संसदलाई दुई दुई पटक विघटन गरी फासीवादी शासन लागु गर्ने प्रयास गरे पछि यो व्यवस्था कस्तो रहेछ भन्ने बुझ्न धेरै सहज भएको छ। विकल्पको आवश्यकतालाई पनि त्यसपछि बढी चासोका साथ लिन थालिएको छ।

आखिर केपीशर्मा ओलीको नेतृत्वमा भएका अनगिन्ती जन घात र राष्ट्रघातका विषयहरु बाहिर आए। त्यसको विरोध सर्बत्रबाट भयो। संसदीय पार्टीहरुले तमाम प्रकारका जन घात र राष्ट्रघातको कारक र निर्णायक तत्व केपीओलीलाई मात्र बनाए।व्यवस्थालाई बनाएनन्। केपीओली मुख्य रुपमा जिम्मेवार त थिए नै। उनको विकल्प खोज्नु स्वभाविक नै थियो। तर वास्तवमा यसका निमित्त जिम्मेवार केवल ओली मात्र होइनन्। यो राज्य व्यवस्था हो, यसका संयन्त्र हुन्। त्यसकारण, विकल्प केवल कुनै एउटा संसदीय पार्टीको नेतामा मात्र खोजेर पुग्दैन। कुनै एउटा संसदीय पार्टीमा मात्र खोजेर पुग्दैन। समग्र राज्य व्यवस्था, संविधान आदि सबैको विकल्प खोज्नु आवश्यक छ। विकल्पका रुपमा हामीले यहि विषयलाई उठाउँदै आएका छौं।

खुसीको कुरा हो कि आज विभिन्न संस्थाहरु, संगठनहरु भित्रबाट विकल्पका पक्षमा स्वरहरु सुनिन थालेका छन्। देशभक्त स्वाभीमानी, प्रगतिशील वामपन्थीहरुबाट सुनिन थालिएको छ। यो विचार अहिले छरिएको अवस्थामा भएको देखिन्छ। यसलाई एकतावद्ध बनाउनु जरुरी छ। हुनत कतै कतै विकल्पका नाममा यो भन्दा पनि पश्चगामी विकल्पका कुराहरु पनि उठ्ने गरेको पाइन्छ। त्यो त झन् इतिहासको पांग्रालाई पछाडि तिर धकेल्ने पश्चगामी कदम हुन सक्छ। तर, यहाँ हामी अग्रगामी विकल्पको कुरा गरिरहेका छौं। यसबारे भ्रममा पर्नु हुँदैन।

केपीओली प्रधान मन्त्रीमा असफल भए। देउवाले पनि त्यही बाटो पक्डिँदै गएका छन्। यो व्यवस्था नै असफल भैसक्यो भन्ने कुरा स्पष्ट देखिएको छ। यी सबै असफल चिजहरुको भारी हामीले किन बोकिरहने ? दुनियाँमा राष्ट्र र जनताका पक्षमा काम गर्ने भनी शिद्ध भैसकेका अग्रगामी विकल्पहरु हाम्रा अगाडि छन्। तिनलाई अंगिकार गर्न हामी किन तयार नहुने ? देश सबैको साझा हो। हरेक नेपालीले सोच्नु पर्ने अवस्था आइसकेको छ। हामी सबैले विभिन्न किसिमले छलफललाई अघि बढाउँ। नयाँ विकल्प र अग्रगामी विकल्प अब नेपाल र नेपालीका लागि ऐतिहासिक आवश्यकता बनिसकेको छ।

२०७८/५/१३

## दशैंमा...

आलोचनाको डरले मुख्यमन्त्री र मन्त्रीले पनि भत्ता लिएका छैनन।

प्रदेश सभाका लेखा अधिकृत गोविन्द अधिकारीका अनुसार सभाका ९७ सांसदलाई ५१ लाख १९ हजार ८० रुपैयाँ दशैंभत्ताबापत वितरण गरिएको छ। सबै सांसदको बैंक खातामा रकम जम्मा भइसकेको उनले जानकारी दिए। 'सबै सांसदको बैंक खातामा भत्ता पठाइसकेका छौं,' लेखा अधिकृत अधिकारीले नयाँ पत्रिकासँग भने। यहाँ सभामुखले ६१ हजार चार सय ८०, उपसभामुख र प्रमुख प्रतिपक्षी दलका नेताले ५८ हजार, संसदीय समितिका सभापति र मुख्य/प्रमुख सचेतकले ५६ हजार आठ सय ४०, सचेतकहरूले ५४ हजार पाँच सय २० र सांसदहरूले ५२ हजार दुई सय रुपैयाँ दशैंभत्ता पाएका छन।

गण्डकीमा ६ महिने मन्त्रीले पूरै भत्ता लिए, सचिवालयका कर्मचारीलाई दिइएन

गण्डकी प्रदेशमा मुख्यमन्त्री, मन्त्री, प्रदेश सभाका पदाधिकारी एवं सदस्य र उनीहरूका स्वकीय सचिवलाई गरी ४९ लाख रुपैयाँ दशैंभत्ता बाँडिएको छ। प्रदेश सभामा ५९ सांसद छन। तीमध्ये ११ मन्त्री छन। सबैलाई एक महिनाको तलबबराबर भत्ता दिइएको हो।

संसद् सचिवालयले ४८ सांसदका लागि एक महिनाको पारिश्रमिकबराबर ४२ लाख ५० हजार तथा मुख्यमन्त्री कार्यालयले मन्त्रिपरिषद्का ११ सदस्यका लागि ६ लाख ६३ हजार ९ सय २० बैंक खातामा पठाएको छ। यहाँ मुख्यमन्त्रीले प्रतिमहिना ७० हजार सात सय ३० रुपैयाँ तलब बुझ्छन। मन्त्रीहरूले ६० हजार तीन सय २०, सभामुखले ६३ हजार चार सय ८०, उपसभामुख र प्रमुख प्रतिपक्षी दलका नेताले ६० हजार, दलका नेताले ५९ हजार पाँच सय, उपनेता तथा प्रमुख सचेतकले ५८ हजार आठ सय ४०, सचेतकले ५६ हजार पाँच सय २० र सदस्यहरूले ५४ हजार दुई सय पारिश्रमिक लिँदै आएका छन। मुख्यमन्त्री र मन्त्रीका स्वकीय सचिवले भने यसपटक भत्ता पाएनन। सरकार गठन भएको ६ महिना नपुगेकाले उनीहरूले दशैंभत्ता नपाएका हुन।

सुदूरपश्चिममा मुख्यमन्त्री, मन्त्रीदेखि प्रदेश सभाका सबै सदस्यले करिब २६ लाख बुझे।

सुदूरपश्चिमका मुख्यमन्त्री त्रिलोचनभट्ट, ६ मन्त्री, चार राज्यमन्त्री र प्रदेश सभाका सबै सदस्यको खातामा दशैंभत्ताको रकम जम्मा भएको छ। ५२ सदस्यीय प्रदेश सभामा हाल ११ जना मन्त्री छन। संसद्बाट भत्ता बुझ्ने ४१ सांसद छन।

उनीहरूका स्वकीय सचिवहरूले पनि भत्ता बुझेका छन। प्रदेश सभा सचिवालयका सचिव रामसिंह धामीका अनुसार पदाधिकारीको एक महिनाबराबरको दशैंभत्ता भुक्तानी भएको छ। 'ऐनअनुसार एक महिनाको पारिश्रमिकबराबर दशैं भत्ताबपतको रकम जम्मा भएको हो,' धामीले भने।

प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ अनुसार सभामुख, विपक्षी दलका नेता, सत्तापक्षका प्रमुख सचेतक, सत्तापक्षका सचेतक र विपक्षी दलका प्रमुख सचेतक, सचेतक र सदस्यहरूलाई सुविधा दिइँदै आएको हो।

मुख्यमन्त्री, मन्त्री र राज्यमन्त्रीहरूलाई भने मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ अनुसार सुविधा दिइएको हो। मुख्यमन्त्री, मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ अनुसार राज्यमन्त्रीले अन्य सुविधाबाहेक मासिक तलब मात्रै ५१ हजार, मन्त्रीले ५४ हजार र मुख्यमन्त्रीले ६० हजार नौ सय ७० रुपैयाँ पाउँछन। ऐनमा प्रदेश सभाका सदस्य र पदाधिकारीहरूको मासिक तलब ४८ हजारदेखि ५५ हजार रहेको छ। सुदूरपश्चिम प्रदेश सभामा ५२ जना सांसद छन् जसमध्ये सात मन्त्री र चार राज्यमन्त्री गरी ११ सदस्यीय मन्त्रिमण्डल छ।

प्रदेश १ र लुम्बिनीका सांसदले भने कानुन नबनिसकेकाले लिन पाएनन् भत्ता

प्रदेश १ र लुम्बिनी प्रदेशका सांसदले यस वर्ष पनि दशैंभत्ता लिन पाएनन । यी दुवै प्रदेशले सांसदहरूलाई दशैंभत्ता बाँड्ने गरी कानुन बनाएका छैनन। प्रदेश १ सभाका सचिव गोपालप्रसाद पराजुलीले सभा गठन भएयता कुनै पनि वर्ष दशैंभत्ता नबाँडिएको बताए। प्रदेश १ मा सभामुख र उपसभामुखसहित ९४ सांसद छन। 'प्रदेश सरकारले बनाएको सांसदहरूको सेवा-सुविधासम्बन्धी कानुनमा दशैंभत्ता दिने व्यवस्था छैन। यसैले हालसम्म कुनै पनि सांसदलाई दशैंभत्ता दिइएको छैन,' सचिव पराजुलीले भने।

लुम्बिनी प्रदेशले पनि प्रदेश सभाका पदाधिकारी तथा सदस्यका लागि दशैंभत्तासम्बन्धी कुनै कानुनी व्यवस्था गरेको छैन। लुम्बिनी प्रदेश सभा सचिवालयका लेखा अधिकृत आलोक अग्रहरीले कानुनमा व्यवस्था नभएकाले सांसदहरूलाई दशैंभत्ता वितरण नगरिएको जनाए। प्रदेश १ का सांसदले नपाए पनि तिनका स्वकीय सचिवहरूले भने दशैंभत्ता पाएका छन। सचिव पराजुलीका अनुसार सांसदका स्वकीय सचिवका लागि २७ लाख १० हजार तीन सय १० रुपैयाँ भत्ता उपलब्ध गराइएको छ। यस्तै, सभामुख र उपसभामुखको निजी सचिवालयका कर्मचारीका लागि दुई लाख ४९ हजार रुपैयाँ वितरण गरिएको छ। कानुनमै उल्लेख भएकाले स्वकीय सचिवहरूलाई भत्ता दिइएको सचिव पराजुलीको भनाइ छ।

## सुकुम्बासी...

सेक्रेटरी अशोक शर्माले मोतिपुरमा सुकुम्बासी समुदायमाथि भएको दमन र हत्या राज्य आतंकको पराकाष्ठा भएको बताउनु भयो। उहाँले राज्यले सबैभन्दा उपेक्षामा पारेको समुदाय भुमिहीन सुकुम्बासी वस्ती र समुदयमाथि ताण्डव नाच नाचेर जनतालाई प्रतिरोधमा उत्रन बाध्य पारेको वताउदै निहत्था जनतामाथि बन्दुक उठाएर वर्तमान दलाल सत्ताले गरिब जनतामाथि जबर्जस्त युद्ध थोपरेको उल्लेख गर्दै राज्य आफ्ना जनविरोधी कर्मवाट पछाडि नहटे जनता क्रान्ति चाहन्छन्, विद्रोह गर्नु जनताको अधिकार हो भन्ने मान्यता स्थापित हुने बताउनु भयो।

कार्यक्रममा अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघका केन्द्रीय संयोजक नर बहादुर गौतम लगायतका बक्ताहरुले मोतिपुर घटनाका अपराधीहरुलाई अविलम्ब कारवाहि गर्नुपर्ने, मृतक परिवारलाई क्षतिपूर्ति दिनुपर्ने र घाइतेहरुको अविलम्ब निःशुल्क उपचार गर्न माग गर्दै भुमिहिन सुकुम्बासी र अव्यवस्थित वसोवासीहरुलाई अविलम्ब आवस अधिकारको ग्यारेन्टी गर्न माग गर्नु भयो।

## नेकपा...

उहाँको छातीमा गम्भीर प्रकृतिको समस्या देखिएको छ र हिजो मुटुको इसिजि गर्दा नर्मल देखिएको छ र आज केही मुटुसम्वन्धी जाँच गर्ने भनिएको छ। अन्य छातीको एक्सरे लगायतका परीक्षणमा फोक्सोमा पहिलेभन्दा थप केही समस्या देखिएको छ र त्यसको विस्तृत जाँचपछि समस्या वारे पुरा जानकारी हुने कुरा थाहा भएको छ।

कार्तिक ७ गतेसम्म उहाँको पहिले जाँच गर्ने डाक्टर विदामा गएकाले उहाँ आएपछि विस्तृत जाँच गरिने कुरा उहाँसंगै अस्पत्तालमा बस्नु भएकी उहाँकी छोरीबाट जानकारी भयो।

आज उहाँलाई भेटन आउनेहरुसंग पहिलेजस्तै राम्रोसँग कुरा कानी गर्न सक्नु हुन्छ। अक्सीजन मात्रा राम्रो छ, सेचुरेशन लेवल राम्रो छ, ज्वरो छैन। अलिकति ल्बड प्रेसर लो छ(६०/११०)। खाना खान थालेमा यसमा पनि सुधार हुन्छ भन्ने डाक्टरको सल्लाह छ।

आज चेकजाँच गरेर मात्रै थहा हुनेछ कि अस्पत्तालमा अरु केही दिन बसेर उपचार गर्ने वा घरमै आराम गरेर उपचार गरी पछि डाक्टर आएपछि पुरै जाँच गर्ने। वर्गदृष्टि मिडिया प्रा.लि. क.किरणको सिघ्र स्वास्थ्यलाभको कामना गर्दछ।

## हार्दिक शुभकामना

नेपालको महानपर्व विजया दशमी, शुभदीपावाली तथा छठ २०७८को उपलक्ष्यमा सम्पूर्ण वडावासी तथा परिवारहरूको सुख शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मादक पदार्थको सेवनको कुलतबाट आफू पनि बचौं ! अरूलाई पनि बचाऔं !

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

लक्ष्मण चौधरी
वडाअध्यक्ष
(९८४७९८१०२८)

अमृत दाहाल
वडासचिव

**तुल्सीपुर उपमहानगरपालिका**
**वडा न. १५ परिवार**
**दाङ**

## हार्दिक शुभकामना

नेपालको महानपर्व विजया दशमी, दिपावाली तथा छठ २०७८को उपलक्ष्यमा सम्पूर्ण वडावासी तथा परिवारहरूको सुख शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मादक पदार्थको सेवनको कुलतबाट आफू पनि बचौं ! अरूलाई पनि बचाऔं !

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

टोपबहादुर के.सी.
वडाअध्यक्ष
(९८५७८२५८७०)

आशाराम चौधरी
वडासचिव

**तुल्सीपुर उपमहानगरपालिका**
**वडा न. ७ परिवार**
**दाङ**

## हार्दिक शुभकामना

नेपालको महानपर्व विजया दशमी, दिपावाली तथा छठ २०७८को उपलक्ष्यमा सम्पूर्ण वडावासी तथा परिवारहरूको सुख शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मादक पदार्थको सेवनको कुलतबाट आफू पनि बचौं ! अरूलाई पनि बचाऔं !

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

भुपबहादुर के.सी.
वडाअध्यक्ष

मित्रलाल वि.के.
वडासचिव

**तुल्सीपुर उपमहानगरपालिका**
**वडा न. १६ परिवार**
**दाङ**

## हार्दिक शुभकामना

नेपालको महानपर्व विजया दशमी, शुभदिपावाली तथा छठ २०७८को उपलक्ष्यमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरूको सुख शान्ति र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टंक बुढाथोकी
अध्यक्ष

महेन्द्र बुढाथाकी
सचिव

**दाङ उद्योग बाणिज्य संघ**
**परिवार परिवार**
घोराही, दाङ

## हार्दिक शुभकामना

नेपालको महानपर्व विजया दशमी, शुभदिपावाली तथा छठ २०७८को उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्गहरूको सुख शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

पुष्पराज बेलवासे
प्रोप्राइटर
मो.नं.९८४७८२२६७१

**बेलवासे स्टोर परिवार**

घोराही उपमहानगरपालिका
वडा न. १५, दाङ

## हार्दिक शुभकामना

नेपालको महानपर्व विजया दशमी, दिपावाली तथा छठ २०७८को उपलक्ष्यमा सम्पूर्ण वडावासी तथा परिवारहरूको सुख शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मादक पदार्थको सेवनको कुलतबाट आफू पनि बचौं ! अरूलाई पनि बचाऔं !

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

माधव वोली
वडाअध्यक्ष

राम कुमारी मरासेनी
वडासचिव

**तुल्सीपुर उपमहानगरपालिका**
**वडा न. १८ परिवार**
**दाङ**

## हार्दिक शुभकामना

नेपालको महानपर्व विजया दशमी, शुभदिपावाली तथा छठ २०७८को उपलक्ष्यमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरूको सुख शान्ति र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बुद्धिराज घिमिरे
अधिकृत

**कृषि ज्ञान केन्द्र शाखा**
**कार्यालय परिवार**
घोराही, दाङ

## हार्दिक शुभकामना

नेपालको महानपर्व विजया दशमी, दिपावाली तथा छठ २०७८को उपलक्ष्यमा सम्पूण वडावासा तथा परिवारहरूको सुख शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मादक पदार्थको सेवनको कुलतबाट आफू पनि बचौं ! अरूलाई पनि बचाऔं !

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

हरिकुमार श्रेष्ठ (वडाअध्यक्ष)
**रत्ननगर नगरपालिका वडा न. १४ परिवार**
चितवन

## रोयल बुईपा A/C जम्बो हाईस




**गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म**

**काठमाडौं सम्पर्क नम्बर**
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०

**गाईघाट सम्पर्क नम्बर**
फोन नं. – ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४


दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

## यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

वर्गदृष्टि
Bargadristi Weekly
साप्ताहिक

# कम्युनिष्ट पार्टी संगठनबारे लेनिनका विचार



● कृष्णदास श्रेष्ठ ●

जनवादी-केन्द्रीयता भनेको सम्पूर्ण पार्टी जीवनको संचालनमा जनवादसित केन्द्रीकृत नेतृत्वको जीवन्त मेल हो । जनवाद र केन्द्रीयताको द्वन्द्वात्मक स्वरुप रहेको यस सिद्धान्तको ठीक ढंगबाट प्रयोग नभएको खण्डमा खराब परिणामहरु निस्कने गरेका छन् । वास्तवमा जनवाद र केन्द्रीयताबीच सन्तुलित सम्बन्ध नभएर एउटाको विरुद्ध अर्कोको आधिक्यता हुनु त्यसको गलत प्रयोग हो । यसलाई लेनिनले निम्नरुपमा स्पष्ट पारेका छन् : "हामी जनवादी केन्द्रीयताको पक्षमा छौं । र, जनवादी केन्द्रीयता एकातिर नोकरशाही केन्द्रवादबाट र अर्कोतिर अराजकतावादबाट कति धेरै भिन्न छ भन्ने कुरालाई स्पष्टसित बुझ्नु पर्छ ।"११

माथि उद्वत भनाइमा लेनिनले जनवादी केन्द्रीयतालाई ठीक ढंगबाट बुझ्न नसक्ने र गलत अर्थमा त्यसको प्रयोग हुनसक्ने कुराप्रति संकेत गरेका छन् । केन्द्रीयताको नाउँमा नोकरशाही व्यवहार हुँदा, जनवादको नाउँमा अराजकतावादी व्यवहार हुँदा त्यसबाट अनेकौं विसंगतिहरु पैदा हुने गर्छन् । हामीले कस्तो स्थिति देख्ने गरेका छौं भने पार्टी संगठन निर्माणको सम्बन्धमा अवसरवादी प्रवृत्ति राख्नेहरु केन्द्रीकृत नेतृत्वको विरोधमा जनवादलाई उभ्याउने गर्छन् भने नोकरशाही प्रवृत्तिका नेताहरु जनवादको विरुद्ध केन्द्रीतालाई तेर्स्याउने गर्छन् ।

जनवादी केन्द्रीयतामा मुख्यरुपमा दुईवटा कुरा छन् : केन्द्रीयता जनवादको आधारमा रहन्छ भने जनवाद केन्द्रीकृत नेतृत्वअन्तर्गत रहन्छ । अर्थात् पार्टीका सबै कार्यकारीणी निकायहरु पार्टी सदस्यहरुद्वारा चुनिएका हुन्छन् । पार्टीका कार्यक्रम, नीति तथा मुख्य प्रस्तावहरु तिनका प्रतिनिधिहरुद्वारा पारित गरिएका हुन्छन् र तिनीहरुले नै नेतृत्वकारी निकायलाई पार्टी कामको संचालन गर्ने अधिकार दिएका हुन्छन् । अल्पमत बहुमतको, तल्ला कमिटि माथिल्ला कमिटिको, व्यक्ति संगठनको र सबै पार्टी संगठनहरु केन्द्रीय कमिटिको अधिनस्थ रहने सिद्धान्तका आधारमा व्यवस्थित रुपबाट पार्टी कार्यको सम्पादन गरिन्छ । त्यसको अर्थ पार्टी जनवादी ढंगबाट संगठित रहन्छ भन्ने हो । लेनिनले अन्तरपार्टी जनवादको सारतत्वलाई निम्नरुपमा व्यक्त गरेका छन् :

"यसको अर्थ के हो भने पार्टीका सारा मामिलाहरुको सञ्चालन विनाअपवाद समान अधिकारहरु भएका पार्टीका सबै सदस्यहरुद्वारा या प्रत्यक्षरुपमा या तिनका प्रतिनिधिहरुद्वारा गरिन्छ । अर्को कुरो के भने, पार्टीका सबै अधिकृतहरु, सबै नेतृत्वकारी निकायहरु र सबै संगठनहरु निर्वाचनको अधिनस्थ रहन्छन्, तिनीहरु आफ्ना मतदाताहरुप्रति उत्तरदायी रहन्छन् र प्रत्यावहानको अधिनस्थ रहन्छन् ।"१२

जनवादी केन्द्रीयता भनेको पार्टी संगठन र त्यसका कार्यहरुको संचालन गर्ने एउटा विधि हो, जसले त्यसको समग्र आन्तरिक जीवनलाई सुव्यवस्थित र सुसंयोजित गर्दछ र पार्टी नेतृत्वलाई आम पार्टी सदस्यतासित एकजुट पार्दछ । पार्टीभित्र देखापर्ने नोकरशाही केन्द्रीयता वा जनवादविरोधी निरंकुशता र त्यस्तै अराजकतावाद र स्वच्छन्दतावाद त्यसका एकदमै विपरीत छन्, र ती पार्टी एकताका लागि हानिकारक रहन्छन् ।

अन्तरपार्टी जनवादको एउटा अति महत्वपूर्ण र अभिन्न पक्ष के हो भने पार्टी सदस्यहरुले कुनै पनि विषयमा छलफल गर्ने स्वतन्त्रता पाएका हुन्छन् र आफ्नो धारणा, मत र सुझाव प्रस्तुत गर्ने तिनीहरुको अधिकार रहन्छ । पार्टीद्वारा आयोजना गरिने सभा सम्मेलनहरुमा र पार्टी कमिटि बैठकहरुमा पार्टीका नीति र निर्णयहरुबारे छलफल गर्ने र खुल्लारुपमा आफ्नो विचार प्रस्तुत गर्ने तिनीहरुको अधिकारभित्रको कुरा रहन्छ । तर, पार्टी कार्यकर्ताहरुको उपरोक्त अधिकार कुनै निरपेक्ष वा अपरिमित अधिकार होइन, त्यसका केही आफ्ना सीमाहरु छन् । विचार प्रकट गर्ने स्वतन्त्रता छ भन्दैमा पार्टीद्वारा निर्धारित कार्यक्रम र त्यसका सामान्य कार्यदिशाका विपरीत विचारहरु प्रचार गर्ने छुट रहँदैन । पार्टीको वैचारिक तथा सांगठनिक एकतामा खलल पार्ने, त्यसलाई कमजोर पार्ने र त्यसको सामान्य राजनीतिक कार्यदिशाको खण्डन गर्ने, विचारलाई पार्टीभित्र प्रचार गर्ने खुल्ला छुट/अधिकार दिएमा त्यसले पार्टीको लागि ठूलो हानी पुऱ्याउँछ । यस सम्बन्धमा लेनिनले भनेका छन् :

"हामी पार्टीभित्र मत व्यक्त गर्ने स्वतन्त्रता प्रदान गर्छौं" तर निश्चित सीमाहरुसम्म ....हामी पार्टीको बहुमतद्वारा अस्वीकृत गरिएका विचारका प्रचारकहरुसँग हातमा हात मिलाएर जान वाध्य छैनौं ।" १३

यसरी लेनिनले खास सीमाभित्र मात्र मत व्यक्त गर्ने अधिकार पार्टीमा रहने कुरा बताएका छन् । पार्टीद्वारा स्वीकृत विचारको विरोधमा प्रचार गर्ने पार्टीमा छुट दिन नहुने उनको विचार छ । यसलाई लेनिनको तल उदृत भनाइले अरु स्पष्ट पार्दछ । उनले भनेका छन् : "पार्टी एउटा ऐच्छिक संगठन हो, र यदि त्यसले पार्टीविरोधी विचारहरुको वकालत गर्ने मानिसहरुलाई आफूबाट हटाएन भने, पार्टी अनिवार्य रुपबाट, पहिले सैद्धान्तिक रुपले र अनि भौतिक रुपले फुट्ने छ । पार्टी र पार्टीविरोधीलाई छुट्याउने सीमारेखा भनेको पार्टी कार्यक्रम, पार्टीका कार्यनीति, प्रस्ताव तथा त्यसका नियमहरु, अन्तर्राष्ट्रिय सामाजिक जनवादको सम्पूर्ण अनुभव, सर्वहारावर्गका ऐच्छिक, अन्तर्राष्ट्रिय संगठनहरु हुन् ।" १४

पार्टीका नीति तथा स्थितिलाई लिएर पार्टीभित्र छलफल र आलोचना गर्ने अधिकार सदस्यहरुलाई रहेको हुन्छ, अर्थात् पार्टीभित्र आलोचनाको स्वतन्त्रात्मक रहन्छ । तर, त्यस्तो छलफल र आलोचना सैद्धान्तिक र मैत्रीपूर्ण हुनु आवश्यक छ र त्यो पार्टीलाई सुधार्ने र त्यसमा रहेका कमीकमजोरहरुलाई हटाउने र यसरी पार्टीको सैद्धान्तिक र सांगठनिक एकतालाई अरु सुदृढ पार्ने उद्देश्यबाट प्रेरित हुनुपर्छ । पार्टीभित्र आलोचना कुने सीमाभित्र हुनुपर्ने र त्यसले कार्यगत एकतामा कुनै वाधा वा आच पार्न नहुने कुरामा उनको जोड रहेको छ । उनले भनेका छन् : "पार्टी कार्यक्रमका सिद्धान्तहरुको सीमाभित्र पार्टी सभाहरुमा मात्र होइन, सार्वजनिक सभाहरुमा आलोचना विलकूल स्वतन्त्र हुनुपर्छ । यस्तो आलोचना वा यस्तो आन्दोलन(किनभने आलोचना आन्दोलनबाट अभिन्न छ,) लाई मनाही गर्न सकिदैन । पार्टीको राजनीतिक कार्य एकतावद्ध हुनुपर्छ । निश्चित कार्यहरुको एकताको उलंघन गर्ने कुनै पनि आह्वानहरु या त सार्वजनिक सभामा, या पार्टी बैठकमा या पार्टी प्रेसमा सह्य हुन सक्दैनन् ।"

अगाडि उनी भन्दछन्, जनवादी केन्द्रियताको सिद्धान्त र स्थानीय पार्टी संगठनका लागि स्वायत्तताले आलोचना गर्ने सर्वव्यापी र पूर्ण स्वतन्त्रतालाई इंगित गर्दछ, जबसम्म त्यसले कुनै निश्चित कार्यको एकतालाई बिथोल्दैन । त्यसले यस्ता सारा आलोचनालाई बहिष्कार गर्छ, जसले पार्टीबाट निर्णय गरिएको कार्यको एकतालाई बिगार्छ वा कठिन बनाउछ"१५

आलोचना गर्ने स्वतन्त्रता अन्तरपार्टी जनवादको एउटा महत्वपूर्ण पक्ष हो, तर त्यसको प्रयोग ठीक ढंगबाट र ठीक दिशामा र विषयगत हुनु एकदमै जरुरत रहन्छ । त्यसको प्रयोग गलत ढंगबाट हुने गरेका घटनाहरु छन्, जब आलोचकहरुले "आलोचनाको स्वतन्त्रता"को नाउँमा पार्टीका राजनीतिक दिशा र कार्यनीति र मार्क्सवादका आधारभूत प्रस्थापनाहरुसमेतको विरोध गर्दछन् । यो वास्तवमा उक्त "स्वतन्त्र" को गलत प्रयोग हो । लेनिनले त्यस्तो खालको आलोचनात्मक प्रवृत्तिलाई विरोध गरी त्यसलाई पार्टीमा छुट दिन नहुने बताएका छन् । उनले लेखेका छन् ।

"जो व्यक्ति जानाजान आफ्नो आँखा बन्द गर्दैन, उनले कुन कुरालाई नदेखिरहन सक्दैनन् भने समाजवादमा रहेको नयाँ "आलोचनात्मक" प्रवृत्ति एउटा नयाँ रुपले अवसरवादभन्दा बढी पनि होइन घटी पनि होइन । यदि हामी मानिसहरुले लगाएका चमकदार पोशाक वा आफूलाई दिने ओजस्वी नामको आधारमा होइन, बरु तिनीहरुले जाँच गर्छौं भने, कुन कुरा स्पष्ट हुन्छ कि 'आलोचनाको स्वतन्त्रता' को अर्थ सामाजिक जनवादमा एउटा अवसरवादी प्रवृत्तिका लागि स्वतन्त्रता, सामाजिक जनवादलाई जनवादी सुधारको पार्टीमा फेर्ने स्वतन्त्रता, समाजवादभित्र पुँजीवादी विचार तथा पुँजीवादी तत्वहरुलाई घुसाउने स्वतन्त्रता हुन जान्छ । १६

आलोचनाको स्वतन्त्रतालाई पार्टीद्वारा निर्धारित कार्यदिशा तथा कार्यनीतिको विरोध गर्ने, पार्टीको सिद्धान्तको विरुद्ध प्रचार गर्ने, राजनीतिक कार्यवाहीको एकतालाई बिथोल्ने स्वतन्त्रताको रुपमा कसै कसैले लिने गरेको र अवसरवादी उद्देश्यमा त्यसको प्रयोग गर्न खोजेको तथ्यलाई माथि उल्लेख गरिएको छ । उक्त अवसरवादी प्रवृत्तिलाई पार्टीमा छुट दिन नहुने विचार व्यक्त गर्दै, लेनिनले पार्टीमा विचार र कार्यमा एकता अर्थात् एकनिष्ठता हुनुपर्ने कुरामा जोड दिएका छन् । पुँजीवादी मनस्थितिको एउटा विशेषतास्वरुप पाइने विचारमा असंगति तथा खिचडीपन र दृष्टिकोणमा ढुलमुलपन पार्टीको लागि निकै हानिकारक हुनाले उनी त्यसका दृढ विरोधी थिए ।

आलोचना-आत्मालोचनाको सिद्धान्त जनवादी-केन्द्रीयताको एउटा प्रमुख तत्व हो । पार्टीभित्र आलचेना गर्ने र राय व्यक्त गर्ने सम्बन्धमा माथि चर्चा गरिसकिएको छ । पार्टी सदस्य र कार्यकर्ताहरुले सम्बन्धित विषयमा केन्द्रीत रही आफूलाई लागेको कुरा साहसका साथ बोल्ने, आलोचनात्मक ढंगबाट सोच्ने र पुरा जिम्मेवारीको भावका साथ पार्टी नीति तथा गतिविधि, सम्बन्धित विचार व्यक्त गर्नु आवश्यक छ, र त्यसमा पार्टीले उनीहरुलाई प्रोत्साहित गर्नुपर्छ । त्यसको लागि पार्टीद्वारा दिइने प्रोत्साहन अन्तरपार्टी जनवादको विकासको लागि एउटा महत्वपूर्ण तत्व हो । यसमा एउटा अति आवश्यक कुरा के छ भने नेतृत्वकारी नियकायहरुमा रहेका नेताहरुले सदस्यहरुको आलोचनाप्रति गम्भीर चासो र ध्यान दिनुपर्छ र तिनीहरुको आलोचना र सुझावलाई सकार्न मानसिकरुपले तयार रहनु पर्छ । अरुबाट हुने आलोचना र सुझावप्रति बेवास्ता गर्ने र आलोचनाप्रति नराम्रो भावना लिने गरेमा अन्तरपार्टी जनवादको सफल प्रयोग हुन सक्दैन ।

लेनिनले आत्मालोचनाको आवश्यकता र महत्वमा निकै जोड दिएको छ र कस्तो विचार व्यक्त गरेका छन् भने त्यसको प्रयोग कम्युनिष्ट अन्य पार्टीहरुबाट छुट्याउने एउटा महत्वपूर्ण चिन्ह हो । उनको भनाइ छ :

"आफूले गरेको गल्तीप्रति कुनै राजनीतिक पार्टीले अपनाउने दृष्टिकोण त्यो पार्टी कतिसम्म इमान्दार छ र त्यसले कुन रुपमा आफ्नो वर्ग तथा श्रमिक जनताप्रतिको आफ्नो दायित्वलाई पुरा गर्छ भन्ने कुरालाई जाँच्ने एउटा अत्यधिक महत्वपूर्ण तथा गंभीर उपाय हो । गल्तीलाई खुलस्तरुपमा सकार्नु, गल्ति हुनाको कारणलाई निश्चित गर्नु, कुन स्थितिमा गल्ती हुन गएको हो, त्यसको विश्लेषण गर्नु, त्यसलाई सुधार्नका लीगि उपाय पत्ता लाउनु, यो नै एउटा गंभीर पार्टीको चिन्ह हो । र, त्यसले आफ्नो वर्ग र जनसमुदायहरुलाई शिक्षित र प्रशिक्षित पार्नुपर्छ ।"१७

पार्टीमा आत्मालोचनाको विवेकपूर्ण व्यवहारिक प्रयोग त्यसको एउटा प्रमुख पहिचान हो । यस सम्वन्धमा नेतृत्वकारी कमिटिका सदस्यहरुले सर्वप्रथम आफूबाट भएका कमजोरी तथा गल्तीहरुलाई लिएर आत्मालोचक बन्नुपर्छ र त्यसमा तिनीहरुले दृष्टान्त प्रस्तुत गर्नुपर्छ । यसले तलका सदस्यहरुमा आत्मालोचनाको प्रवृत्तिको किवास गर्नमा ठूलो प्रेरणा र सहयोग प्रदान गर्नेछ । त्यसको अर्थ के हो भने पार्टीभित्र जनवाद र आत्मालोचनाको प्रयोगलाई व्यापक बनाउन नेतृत्वमा रहेका कार्यकर्ताहरुको ठूलो जिम्मेवारी र भूमिका रहन्छ ।

अर्को कुरा लेनिनले सत्यलाई आम श्रमिक जनताबाट लुकाउन नहुने बरु सत्यलाई तिनीहरुका सामु खुलस्त राख्नुपर्ने कुरामा जोड दिएका छन् । सर्वहारावर्गको लागि सत्य मात्र हितकार हुने कुरालाई औल्याउँदै उनले आफूले जस्तोसुकै कटु भए पनि सत्य कुरो जनतालाई बताएर आएको उल्लेख गरेका छन् । उनले कुन कुरो बडो जोडका साथ बताएका छन् भने जनतालाई सत्य बताउनु सर्वहारा नेताको एउटा महत्वपूर्ण पहिचान हो । जनतालाई सत्य कुरा बताउन नचाहने वा डराउने नेताहरुलाई इंगित गर्दै उनले भनेका छन् :

"तपाईं पूँजीवादी तरिकाबाट सर्वहारा नीतिको अनुसरण गर्न चाहनुहुन्छ । जो नेताहरु आफ्नो मण्डलभित्र आफ्नो बीचमा सत्यलाई जानका हुन्छन् र आम जनतालाई अज्ञानी र मन्दबुद्धिका ठानेर सो सत्य उनीहरुलाई बताउँदैनन् । तिनीहरु सर्वहारा नेता होइनन् । साँचो कुरा बोल्नोस्.....शत्रुलाई धोका दिनका लागि जनताप्रति वेइमानी हुनु भनेको एउटा बेवकुफी तथा कुबुद्धियुक्त नीति हो । सर्वहारावर्गलाई सत्य चाहिएको छ, र त्यसको लक्ष्यका लागि सौजन्ययुक्त निम्न पुँजीवादी झुटभन्दा बढी हानिकारक अर्को कुनै कुरो छैन ।" १८

उपरोक्त सम्बन्धमा लेनिनको शिक्षाको सार के छ भने सर्वहारा नेताहरुले जनतासित खेलवाड वा छलछाम गर्नुहुन्न र लोकाचारी व्यवहार गर्नु कदापी हुन्न । पार्टीले सामना गर्नुपरेका अपठ्याराहरु र त्यसका कमीकमजोरीहरु नलुकाइकन वा शब्दजाल बनाएर झुटो सन्देश दिने नगरिकन जनतालाई सत्य कुरा बताउनु पर्छ ।

पार्टी नेताहरुले कटु सत्य जनतालाई बताउने नीति अनुसरण गर्नपर्ने उनको उपदेश छ । उनी भन्छन् :

"सत्यागासो (Specious) वाक्यांशको मद्दतले कुनै नरमाइलो सत्यलाई छोप्नु सर्वहारावर्गको लक्ष्यको लागि र श्रमिक जनताको लक्ष्यको लागि अत्यधिक हानिकारक र अत्यधिक खतरनाक छ । जतिसुकै कटु भए पनि सत्यको विनाछल सामना गर्नैपर्छ । यस आवश्यकतालाई पुरा नगर्ने नीति विनाशकारी नीति हो ।"१९

सत्यमा टिक्नु र जनतालाई सत्य कुरा बताउनु र आफ्ना गल्तीप्रति आत्मालोचक भएर त्यसलाई सच्याउनु सर्वहारावर्गको अगुवाको रुपमा पार्टीले पुरा गर्नुपर्ने महत्वपूर्ण दायित्व हो । यो समग्र पार्टी र पार्टी सदस्यहरुले श्रमिक जनताप्रति अपनाउनुपर्ने सही दृष्टिकोणको अंग पनि हो ।

कम्युनिष्ट पार्टीमा कडा अनुशासनको आवश्यकतामा कम्युनिष्टहरुमाझ दुईमत रहेको पाइँदैन । सर्वहारावर्गको पार्टीको हैसियतले त्यसले आफ्नो जिम्मेवारीलाई पुरा गर्नसक्नुका लागि अनुशासन एउटा अपरिहार्य सर्त रहन्छ । लेनिनले त्यसको अपरिहार्यतामा निकै जोड दिएका छन् । उनको भनाइ छ : चारैतिरबाट सर्वहारावर्गलाई घेरिराखेको निम्न पूँजीवादी वातावरणले "सर्वहारावर्गलाई छिचोल्छ र भ्रष्ट पार्छ र निरन्तर रुपबाट सर्वहारावर्ग निम्नपूँजीवादी लुलोपन, बेमेल, व्यक्तिवाद र पालैपालो गरी आत्मविभोरता र नैराश्यका भावहरु पैदा गर्छ । त्यसलाई पराजित गर्नका लागि र सही ढंगले सफलतापूर्वक र विजयी ढंगबाट सर्वहारावर्गको राजनीतिक पार्टीभित्र कठोरतम केन्द्रीयकरण र अनुशासन आवश्यक छ ।" २०

अनुशासन कायम गर्न पुरा गर्नुपर्ने जुन सर्तहरुको लेनिनले उल्लेख गरेका छन्, ती निकै महत्वपूर्ण छन् । सर्वहारावर्गको पार्टीमा मानिने अनुशासन अन्धभक्त भएर मानिने वा दासको आज्ञाकारीताको आधारमा मानिने अनुशासन होइन, बरु त्यो सचेत रुपबाट स्वेच्छाले र नेतृत्व र कार्यदिशाको औचित्यप्रति गहिरो विश्वासबाट मानिने शासन हो । साँच्चै भन्ने हो भने सर्वहारावर्गको पार्टीको तागतको एउटा प्रमुख स्रोत भनेको त्यसका सदस्यहरुद्वारा पालन गरिने सचेत तथा ऐच्छिक अनुशासन हो । पार्टी सदस्यहरु जति बढी मात्रामा संगठित, सचेत र असुशासित रहन्छन्, त्यस्तै नै पार्टीको तागत, त्यसको लडाकु क्षमता, त्यसको भूमिकाको प्रभावकारिता पनि रहन्छ ।

सर्वहारावर्गको पार्टीमा विभिन्न सैद्धान्तिक सवालहरुमा, त्यसका रणनीतिक तथा कार्यनीतिक दिशासित सम्बन्धित सवालहरुसँग विभिन्न नीतिहरुको कार्यान्वयनका सवालहरुमा मतभेदहरु उत्पन्न हुन्छन् । विचलनहरु त्यसबेला देखापर्छन्, जब पार्टी सदस्यहरुको कुनै अंग मार्क्सवादका सिद्धान्तहरु र पार्टीद्वारा निर्धारित कार्यदिशा र नीतिहरुबाट विचलित हुन्छन् । यसबारे लेनिनको यस्तो भनाई छ : "विचलन भनेको पूर्ण विकसित भइसकेको धारा होइन । विचलन भनेको त्यस्तो कुनै चिज हो, जसलाई सच्याउन सकिन्छ । मानिसहरु बाटोबाट बहकिएका छन् वा बहकिन थालिरहेका छन् ।" २१

पार्टीभित्र देखापर्ने विचलनहरु खासरुपले दुईओटा छन् : दक्षिणपन्थी विचलन र वामपन्थी विचलन । यी पार्टीभित्र गैरसर्वहारा विचारधाराहरुका प्रतिविम्ब हुन् । यसरी विचलन देखापरेपछि सैद्धान्तिक आधारमा त्यसका विरुद्ध संघर्ष चलाएर त्यसलाई सच्याउनु पर्छ । सिद्धान्तका आधारमा छलफल तथा संघर्षद्वारा विचलित भएका कामरेडहरुलाई सही बाटोमा ल्याउन प्रयत्न गरिनु आवश्यक छ । यदि त्यस्तो संघर्ष नचलाइकन र समयमा त्यसलाई नहटाइकन रहन दिने हो भने त्यसले आफूलाई खतरनाक रुपमा विकसित गर्न सक्छ । सुरुमा त्यस्तो विचलन सानो र नगण्यजस्तो भए पनि कुनै खास अवस्थाहरुमा त्यसले वैचारिक रुपमा मात्र होइन, सांगठनिक रुपमा पनि आफूलाई एउटा गुटको रुपमा अर्थात् आफ्नै छुट्टै मञ्च र व्यवस्था भएको समूहको रुपमा स्थापित गर्न सक्छ । गुटको रुप लिएपछि, त्यसका सदस्यहरुले पार्टी अनुशासनको उलंघन गर्दछन् । बहुमतको निर्णय मान्न इन्कार गर्छन् र पार्टीभित्रबाट पार्टी विरोधी गतिविधि चलाउँछन् र यसरी पार्टीमा फाटो ल्याउनु खोज्छन् । वास्तवमा गुटबन्दीले क्रान्तिविरोधी शक्तिहरुको सेवा गर्छ र त्यो पार्टीको सैदान्तिक तथा सांगठनिक एकताको लागि बडो हानिकारक छ ।

तसर्थ, लेनिनले पार्टीमा गुटबन्दीलाई स्थान दिन नहुने र त्यसको दृढरुपमा विरोध गर्नुपर्ने बताउँछन् । उनी लेख्छन् : "सबै वर्गसमेत मजदूरहरुले कुन कुरालाई स्पष्टसित बुझ्नु पर्छ भने सबै खालको गुटबन्दी हानिकारक र आग्रहय छ, किनभने वैयक्तिक समूहहरुको सदस्यहरुले पार्टी एकतालाई सुरक्षित पार्न जतिसुकै चाहे पनि गुटबन्दीले व्यवहारमा अनिवार्यरुपबाट एकतालाई कमजोर पार्छ र शत्रुहरुको तर्फबाट फाटोलाई फराकिलो पनि र त्यसलाई क्रान्तिविरोधी उद्देश्यमा प्रयोग गरिने तीव्रता र निरन्तर प्रयत्नलाई पैदा गर्छ ।" २२


उपरोक्त सम्बन्धमा, कम्युनिष्ट पार्टी क्रान्तिकारीहरुको संगठित दस्ता हो, र यसमा गुटबन्दीलाई कुनै स्थान दिइनुहुन्न । पार्टीले आफ्नोभित्र देखापर्ने अवसरवादी विचलन तथा गुटबन्दीहरुको दृढरुपमा संघर्ष चलाई पार्टी एकतालाई जब्बर पार्नुपर्छ । पार्टीको आन्तरिक जीवनमा पार्टी सदस्यहरुको वैचारिक तथा सांगठनिक एकता, तिनीहरुको विचार र कारबाहीमा एकबद्धता र उच्च सचेतनायुक्त अनुशासन हुनुपर्ने र त्यसलाई सुदृढ पार्नुपर्ने कुरामा पार्टी संगठनसम्बन्धी लेनिनवादी सिद्धान्तको सार रहेको छ ।

**सन्दर्भ सामग्री**

*११. लेनिन, "संकलित रचनाहरु ", भाग ११, पृष्ठ २०७ ।*
*१२. लेनिन, "संकलित रचनाहरु ", भाग ११, पृष्ठ ४३७ ।*
*१३. लेनिन, "संकलित रचनाहरु ", भाग १५, पृष्ठ ४०१ ।*
*१४. लेनिन, "संकलित रचनाहरु ", भाग १०, पृष्ठ ४७ ।*
*१५. लेनिन, "संकलित रचनाहरु ", भाग ५, पृष्ठ ३५५ ।*
*१६. लेनिन, "संकलित रचनाहरु ", भाग ५, ३५५ ।*
*१७. लेनिन, "संकलित रचनाहरु ", भाग ३१, पृष्ठ ५७ ।*
*१८. कृष्णदास,"पार्टी संगठनका समस्याहरु", पृष्ठ ५० बाट उद्धृत ।*
*१९. लेनिन, "संकलित रचना", भाग १४, पृष्ठ ३४ ।*
*२०. लेनिन, "संकलित रचना", भाग ३१, पृष्ठ ४४ ।*
*२१. लेनिन, "संकलित रचना", भाग ३२, पृष्ठ २५१ ।*
*२२. लेनिन, "संकलित रचना", भाग ३२, पृष्ठ २४१ ।*

## ❑ साताको कविता

### घाउको सरबत



❑ प्रा.डा.जगदिशचन्द्र भण्डारी ❑

उहिलेदेखि हुर्किरहेको
पाकिरहेको पहेंलिएको
स्याउँस्याउँती
किरा परेको
ठसठसती गनाइरहेको
आङआङमा
बेरिएको रोपिएको
तिनकै शरीरको घाउ
तिनकै गणतन्त्र
तिनकै राजकुमार
स्वादसँग तिनकै घाउ
धेरबेर चाटिरहे
ल्याफल्याफती पारिरहे
तिनकै गणतन्त्रको
दौरासुरुवाल टोपीमा
सजिएको कविले
घिनलाग्दो घाउको
रसमय बयान गरिरह्यो
पुरस्कृत पनि भयो
तिनको रछ्याने
गणतन्त्रमा
मुख मिठ्याइ मिठ्याइ
जिब्रो पड्काइ पड्काइ
घाउ र पिपको सरबत
पिउने कति कति

### सिर्जना



❑ घनेश्वर पोखेल ❑

स्थिर जीवनमा फुर्दैनन् सिर्जनाहरु
सिर्जना फुर्नलाई त
गति चाहिन्छ गति
गति बिनाका सिर्जनाहरु
यौटा कालिगढले
ढुङ्गो कुदेर बनाएको मूर्तिजस्तै हुन्
देख्दा
अति सुन्दर
अति मनमोहक
अति आकर्षक
अति लोभलाग्दा
अहिले नै बोलिहाल्छन् जस्तो
अहिले नै हिडिहाल्छन् जस्तो
तर
न तिनमा सास छ बोल्नलाई
न तिनमा जीवन छ हिड्नलाई
आखिर मूर्ति न हुन् तिनिहरु
निर्जीव
फगत निर्जीव ।
स्थिर जीवनका काल्पनिक सिर्जनाहरु
बन्द कोठाभित्रका
शब्दमाला मात्र न हुन्
तिनमा जीवन उत्सर्ग गर्ने
नत कुनै गति हुन्छ
नत गतिलो पाइन हुन्छ ।
गतिसिल जीवन भनेको कृयासिल जीवन
हो
जो समय सन्दर्भमा
देश काल परिस्थिति सङ्ग
अन्तरघुलित हुँदै
हरेक घटनाहरुको अध्ययन गरिरहन्छ
ती घटनाहरुको
बस्तुपरक
अनि
यथार्थ परक
सश्लेसित अभिब्यक्ति नै नयाँ सिर्जना हो
जस्ले
समाज बुझ्न र बदल्नको लागि
यौटा अग्रगामी चेत दिनसक्छ
पुरानोको ध्वम्स र नयाँको निर्माण गर्न
यौटा मुक्ति मार्ग दर्शन दिनसक्छ ।
त्यसैले भन्ने गरिन्छ
हरेक सिर्जना नदीको बहाब जस्तै
गतिसिल हुनुपर्छ
हरेक सिर्जना जीवनशील हुनुपर्छ
हरेक सिर्जना यथास्थितिको करम्भङ्ग गर्ने
धारिलो अश्त्र हुनुपर्छ
सिर्जनामा बारुद भरिनुपर्छ
सिर्जनामा बम र बन्दुकको धमका
पड्किनु पर्छ ।
लेउ लागेर जमेको
पोखरीको पानी जस्तो
गतिहिन र दुर्गन्धित हुनुहुन्न सिर्जना
सिर्जना त
नदीको बेगसरि
सलल-- बग्ने हुनुपर्छ
सिर्जना
जिउँदो लास सरि
निरासा , कुण्ठा, अकरमण्यता र
गन्तब्यहिन हुनुहुन्न
सिर्जनाको आफ्नै गन्तव्य हुन्छ
सिर्जनाको आफ्नै लक्ष र उद्देश्य हुन्छ
सिर्जना
नत बन्द कोठामा थुनेर थुनिन सक्छ
नत हिरासद ,जेल र कालकोठरीमा थुनेर
थुनिन सक्छ
त्यसैले
बन्दी बनाउन खोज्नु हुदैन सिर्जनालाई
कोपिलामै चुडेर मार्नुहुन्न सिर्जनालाई
आफ्नो गन्तब्यमा पुग्न
मार्ग पर्सस्त गरिदिनुपर्छ सिर्जनाको
यो बर्गिय समाजमा
सिर्जना पनि हुन्छ बर्ग सापेक्ष
सिर्जनाले आफ्नै बर्गको भाषा बोल्नुपर्छ
सिर्जनाले राष्ट्रको कथा र ब्यथा
बोल्नुपर्छ ।

*२०७८/२/२३*

## नेपालमा...

विभागको तथ्याङ्क अनुसार प्रत्येक ब्याचमा घट्ने विद्यार्थीको संख्या हिसाव गर्ने हो भने प्रत्यक वर्ष ६ लाख भन्दा बढी विद्यार्थीले पढाइ

**तालिका नं. १**

**विदेशमा वैदेशिक रोजगारको लागि श्रम स्वीकृति लिनेको संख्या**

| क्र. सं. | आथिक वर्ष | श्रम स्वीकृतहरुको संख्या |
|---|---|---|
| १ | १९९३/९४ | ३,६०५ |
| २ | २००३/४ | १,०६,६६० |
| ३ | २०१३/१४ | ५,१९,६३८ |
| ४ | २०१४/१५ | ४,९९,१०२ |
| ५ | २०१५/१६ | ४,०३,६९३ |
| ६ | २०१६/१७ | ३,८२,८७१ |
| ७ | २०१७/१८ | ३,५४,०९८ |
| ८ | २०१८/१९ | २३६२०८ |
| ९ | २०१९/२० | ३६८४३३ |

*स्रोतहरुः नेपाल लेवर माइग्रेसन रिपोर्ट २०२०*

छोड्दछन् ।

युवाहरुको मुख्ये समस्या भनेको बेरोजगारको समस्या

असर पुग्दछ । रेमिट्यान्स, वैदेशिक ऋण सहायता र आयातमूखि करबाट देश संचालन गर्नाले औद्योगिक पुँजीको निर्माण हुन सक्दैन र देशको समृद्धि असम्भव प्राय हुन्छ । युवाहरुलाई

स्वदेशमा रोजगार दिनु राज्यको दायित्व हो र स्वदेशमा रोजगार पाउने युवाहरुको अधिकार हो ।

सन् २०१९ मा रोजगार अनुमति प्रणाली (भ्एक) का लागि ९२,३५६ जना युवाहरु सहभागी हँदा ६८८४ जनाले कोरीयामा रोजगारी पाएका छन् । भाषा परीक्षा फाराम दस्तुर, स्वास्थ्य जाँच, रोजगारी आवेदान फारम, शीप विकाश तालिम, ऋऋख्क्ष, वैदेशिक रोजगार कल्याणकारी कोष, भ्एक सञ्चालन खर्च, हवाई टिकट र ६ महिनाको भाषा कक्षा तयारी तथा कोठाभाडा गरी जम्मा सालाखाला ५ अर्ब ४० करोड ४०लाख ७१ हजार ४३० रुपैया खर्च हुने अवस्था रहेको छ । सन २००८ देखि २०२० सम्ममा ५,८९,६१८ जना सहभागी हुँदा ६६,८७२ जनाले रोजगारीको अवसर पाएको छ । जुन माथि खर्च भएको आधार अनुसार रु. ३६ अर्ब ३१ करोड ९१ लख

**तालिका नं. २**

**विदेशमा वैदेशिक रोजगारको लागि श्रम स्विकृति लिनेको संख्या**

| बिवरण | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
|---|---|---|---|---|---|---|
| नो अब्जेक्सन लेटर लिनेको संख्या | २८०२५ | ३०६९६ | ३२४८९ | ५०६५९ | ५८७५८ | ६३२५९ |
| वैदेशिक अध्ययनका लागि बाहिरिएको रकम | १५ अर्ब १२ करोड | १७ अर्ब ६ करोड | २० अर्ब १३ करोड | ३५ अर्ब २ करोड | ३८ अर्ब ८ करोड | ४० अर्ब ९ करोड |

हो । अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार श्रमिक भर्ना र योसँग

हाल प्रत्येक वर्ष श्रमबजारमा देखा पर्ने ५ लाखभन्दा बढी नयाँ

४०हजार २०० खर्च युवाहरुले गरेको देखिन्छ । जसमध्ये

**तालिका नं. ३**

**विदेशमा वैदेशिक रोजगारको लागि श्रम स्विकृति लिनेको संख्या**

| वर्ष | प्राथमिक तहमा अध्यनरत विद्यार्थी संख्या (५ वर्ष) | निम्न माध्यामिक तहमा अध्ययनरत विद्यार्थी संख्या (३ वर्ष) | माध्यामिक तहमा अध्ययनरत विद्यार्थी संख्या (२वर्ष) | उच्च माध्यामिक तहमा अध्ययनरत विद्यार्थी संख्या (२ वर्ष) | ब्याचलरमा अध्ययन गर्ने विद्यार्थी संख्या ३ वर्ष | डिग्रीमा अध्ययनरत विद्यार्थी संख्या (२ वर्ष) | अध्ययनका लागि विदेशमा गएका विद्यार्थीको संख्या |
|---|---|---|---|---|---|---|---|
| २०१६/१७ (०७४/७५) | ४१लाख ३५ हजार २सय ५३ | १८५९३५९ | ९५८४९९ | ४९२९८४ | ३१५००० | ५४१७२ | ५६२१६ |
| २०१७/१८ | ३९७००१६ | १८६६७१६ | ९७०७२० | ५८४०७२ | ३१८७५३ | ४२३२४ | ६२८०० |

*केन्द्रीय तथ्याङ्क विभाग २०७५, नेपाल वैदेशिक अध्ययन विभाग*

सम्बन्धित खर्चहरुको सबै दायित्व रोजगारदाताले ब्यहोनु पर्ने

श्रमशक्तिलाई स्वदेशमा रोजगार दिने कुनै योजना देखिँदैन ।

रु.२७अर्ब ६० करोड ४६ लाख ४२ हजार ७०० रकम वास्तवमा

**तालिका नं. ४**

**लोकसेवा परिक्षका लागि दर्खास्त दिनेको संखया र तिनीहरूबाट उठेको राजश्व**

| क्र.सं. | विवरण | आ.व. २०७०/७१ | आ.व. २०७१/७२ | आ.व. २०७२/७३ | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ |
|---|---|---|---|---|---|---|
| १ | दरखास्त संख्या | ५,६०,९१५ | ५,९९,६६८ | ५,९५,०३१ | ८,४४,२९७ | ५,६७,८५३ |
| २ | परीक्षा दस्त'र वापतको राजस्व | १३करोड ४लाख ९५हजार १० | १५ करोड २५लाख १७हजार ९सय ७० | १८करोड ९लाख ९७ हजार ७२५ | २१करोड ३२लाख ८२ हजार २६४ | १३करोड ८४लाख ६८हजार ५२० |
| ३ | क'ल राजस्व | १३ करोड १०लाख ७८हजार ३सय ८६ | १५करोड ३८लाख ८० हजार ४१ | १८करोड ३२लाख ४हजार ४८० | २१करोड ४०लाख ३२हजार २९ | १४करोड५५हजार |

नीति रहेको छ । साथै यूएई र मलेसियामा श्रमिक शून्य लागतमा जान पाउने श्रम सम्झौता छ भने अन्य खाडी मुलुकमा जाँदा दशहजार रुपैंया सेवा शुल्क

लोक सेवा आयोगबाट लिने परीक्षामा लगभग प्रत्येक वर्ष ६ लाख युवाहरु सहभागी हुन्छन् । तिनीहरुले परीक्षा दस्तुर बापत लगभग १३ देखि १४ करोड रुपैंया

नै खेर गएको छ ।

राज्यबाट युवा तथा बेरोजगार लक्षित कार्यक्रमहरु ल्याएका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा तथा साना व्यवसायी स्वरोजगार

**तालिका नं. ५**

**दक्षिण कोरियामा जान आवेदन तथा परिक्षा दिने र जानेहरूको विवरण**

| विस्तृत इपीएस प्रगति विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वर्ष | जम्मा आवेदकहरु | परीक्षामा कूल सहभागी | उत्तीर्ण | | | रोजगारीको आवेदन फारामभरेका | कोरीयामा पठाएका | | |
| | | | प'रुष | महिला | जम्मा | | प'रुष | महिला | जम्मा |
| २००८ | ३१५२५ | ३१५२५ | ६४०६ | ३८० | ६७८६ | ६५८७ | २७३३ | ८१ | २८१४ |
| २००९ | - | - | - | - | - | - | १८४७ | ६४ | १९११ |
| २०१० | ३६२०३ | ३६२०३ | ३७३४ | ४४६ | ४१८० | ४०९६ | १९१७ | ४२२ | २३३९ |
| २०११ | ५००४३ | ५००४३ | १४०८० | १५९८ | १५६७८ | १५६७८ | ३८४६ | १३७ | ३९८३ |
| २०१२ | - | - | - | -- | - | - | ५९३७ | ३९५ | ६३३२ |
| २०१३ | ४७६९० | ४४१२२ | ७३३६ | ७१५ | ८०५१ | ७७७८ | ४८६३ | १८३ | ५०४६ |
| २०१४ | ६२२२३ | ५८७४६ | ३४६३ | २०० | ३६६३ | ३४७८ | ५५८७ | ४४१ | ६०२८ |
| २०१५ | ५११३७ | ४३४५९ | ७७८९ | ७०१ | ८४९० | ८३७० | ५४६० | ४०६ | ५८६६ |
| २०१६ | ६०६२६ | ५७१२० | ३१८३ | ३३४ | ३५१७ | ३४६४ | ७५०१ | ५७८ | ८०७९ |
| २०१७ | ७५५८० | ६८३८३ | १०९१० | ११९८ | १२१०८ | ११८७६ | ७४२४ | ३७६ | ७८०० |
| २०१८ | ८२२३५ | ७४८६२ | ७००२ | ९९४ | ७९९६ | ७७७१ | ८१०७ | ४०४ | ८५११ |
| २०१९ | ९२३५६ | ८४३०८ | ५८५७ | १०५१ | ६९०८ | ६८८४ | ६६७२ | ४६४ | ७१३६ |
| २०२० | - | - | - | - | - | - | ९५८ | ६९ | १०२७ |
| जम्मा | ५८९६१८ | ५४८७७१ | ६९७६० | ७६१७ | ७७३७७ | ७५९८२ | ६२८५२ | ४०२० | ६६८७२ |

बुझाए पुग्नेमा एकलाख सम्मको रकम म्यानपावरले बुझिलिएका छन् । यो कुरा कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा पनि प्रकाशित भएको छ । तर सरकारको तर्फबाट कुनै अनुगमन छैन । सालाखाला वर्षमा चारलाख विदेशिने युवा मजदुरहरुले एकलाखका दरले लगभग चालिस अर्ब रकम प्रत्यक बर्ष खर्च गर्नुं परेको छ ।

भारी मात्रामा युवाहरु विदेश जाँदा आत्मनिर्भर अर्थतन्त्र निर्माण प्रक्रियामा प्रत्यक्ष नकारात्मक

राज्यलाई बुझाउँछन् । त्यति मात्र होइन ति बेरोजगार युवा तथा विद्यार्थीले लोकसेवाको तयारीमा प्रति व्यक्ति १ लाखका दरले रु. ६० अर्व खर्च गरी रहेका छन् । बेरोजगार युवाहरुले यति धेरै लगानी गर्दा ५ हजार जना भन्दा कमले मात्र रोजगार प्राप्त गर्दछन् । बाँकी अनुतिर्ण परीक्षार्थीका लागि राज्यबाट न त कुनै वैकल्पीक रोजगारको बातावरण सृष्टि गर्छ न त बेरोजगार भत्ताको व्यवस्था गर्छ ।

कोषद्धारा विना धितो सहुलीयत पूर्ण ब्याजदरमा ऋण, राष्ट्रिय युवा परिषदबाट दिइने अनुदान तथा सहुलियतपुर्ण कर्जा र वैदेशिक रोजगार प्रवर्डन बोर्डबाट बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई लक्षित गरी प्रदान गरिने विना धितोको सहुलियतपुर्ण ऋण आदि त्यस्ता कार्यक्रमहरु हुन् । यी कार्यक्रमहरु प्रभावकारी, नीयमित र व्यवहारी हुन सकेका छैनन् । बैदेशिक अनुदानमा भर परेको प्रधानमन्त्री

रोजगार कार्यक्रम अन्तर्गत २०७७ सालमा ७,४३,३७२

लगाउने कार्यले शिक्षित र शीपयुक्त युवाहरु वहिष्करणमा

यसको प्रभावकारी कार्यान्वयनको अभावमा फर्म भर्ने सोह्रहजार को

**तालिका नं. ६**

**नेपालको श्रमशक्ति समवन्धी जानकारी**

| बिवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| रोजगार | ४४,४६,००० | २६,४०,००० | ७०,८६,००० |
| बेरोजगार | ५,११,००० | ३,९७,००० | ९,०८,००० |
| श्रमशक्ति | ४९,५८,००० | ३०,३६,००० | ७९,९४,००० |
| श्रमशक्ति बाहिरको जनसंख्या | ४२,५०,००० | ८५,००,००० | १,२७,५०,००० |
| काम गर्ने उमेर समूह | ९२,०७,००० | १,१५,३६,००० | २,०७,४४,००० |
| जम्मा जनसंख्या | १,३९,७५,६७८ | १,४८,५०,०३२ | २,८८,२५,७०९ |

*स्रोतः नेपाल श्रमशक्ति सर्भेक्षण सूचकांक २०१७/१८ CBS*

जनाले बेरोजगारीको सूचिमा सूचिकृत गराएका छन् । ती सूचिकृत मध्ये राज्यले २,००,३०३ जनालाई १०० दिन बराबरको ज्यालाका दरले १० खर्ब ३५ अर्ब ५६ लाख ६१ ह्जार रकम स्थानीय निकायलाई हस्तान्तरण गरेको छ । सूचिकृत बेरोजगार मध्ये ५,४३,०६९ जना बेरोजगारलाई सम्वोधन गर्ने राज्यको कुनै योजना देखिएन ।

घरको कुनै सदस्य रोजगार युक्त छ भने सोही घरका अन्य सदस्य बेरोजगार भएता पनि यस प्रधानमन्त्री रोजगार कार्यक्रमले प्राथमिकतामा राख्दैन । साथै आफ्नो क्षमता र दक्षता भन्दा पनि ज्यालादारी ज्यामी र उत्पादन हिन काममा सस्तो ज्याला (५१७)मा काम गर्न पारीएको छ । दक्ष एवं शिक्षित युवाहरुले यस कार्यक्रममा सहभागि हुन अरुची देखाएका छन् । यो कार्यक्रम बेरोजगार युवाहरुका लागि बैदेशिक रोजगारीलाई नै रोजगारीको एउटै मात्र विकल्पका रुपमा देखाउने नियत देखिन्छ । त्यस्तै गरी युवा तथा साना व्यवसायी स्वरोजगार कोष पनि निष्क्रिय रहेको छ । लगानी गरेको रकम उठाउन नसक्नु र ऋण ओसुली भएका ऋणीलाई सहुलियत ब्याज फिर्ता नगर्नुले यसको विस्वस्नीयता गुमेको छ । विदेशबाट फर्केका युवाहरुलाई लक्षित गरी बैदेशिक रोजगार प्रवर्धन बोर्डले व्यवसाय संचालन गर्नका लागि दश लाख सम्मको सहुलियतपूर्ण ऋण विना धितो उपलब्ध गराउने भनिए पनि हाराहारिमा विदेशबाट फर्केका युवाहरु फर्म अलपत्र हुनुका साथै यो कार्यक्रम हाल निष्क्रिय रहेको पाइन्छ । राष्ट्रिय युवा परिषदले दिने भनिएको अनुदान तथा सहयोग रकम गुमनामको अवस्थामा छ र त्यो कसैले पाएको छ भने पनि त्यो ठूला राजनीतिक दल, एन.जि.ओ र आई.एन.जि.ओको पहुँचमा रहने देखिन्छ ।

माथि उल्लेख भए अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत ७४३३७२, भ्एक मा ९२०००, लोकसेवामा ६ लाख, विद्यार्थी सात लाखको रोजगारी को आवश्यकता छ । रोजगारी उपलब्ध गराउन नसक्दाको बखत बेरोजगार भत्ताको व्यवस्था गर्नु पर्दछ । हाल कोरोना महामारीको कारण चार लाखका दरले विदेश जाने गरेका युवाहरु स्वदेशमा नै रहेका छन् । विदेशबाट रोजगारी गुमाएर स्वदेश फर्किने क्रम पनि जारी रहेको अवस्था छ । देशमा प्रत्यक वर्ष ५ लाख भन्दा बढी नयाँ श्रम शक्ति थपिने गरेको छ । स्वदेशमा पनि कोरोनाका कारणले व्यापार व्यवसाय र रोजगारीबाट हात धुनु परेको छ । यस्तो अवस्थामा रोजगारी का अवसर सिर्जना गर्न विशेष कार्यक्रमको आवश्यकता परेको छ ।

युवाहरुलाई विदेशमा पलायन हुनबाट जोगाउन जरुरी छ । विदेशमा युवाहरुलाई रोजगारीको लागि पठाएर आत्मनिर्भर अर्थतन्त्र निर्माण हुन सक्दैन । बैदशिक रोजगारीको यात्राले अन्तहिन रुपमा विदेशमा हाम्रो श्रम सस्तो मुल्यमा बेच्न बाध्य बनाउदछ । देशको स्वतन्त्र तथा राष्ट्रिय अर्थतन्त्र निर्माणका लागि देशको श्रमशक्तिलाई स्वदेशमा नै उत्पादनशील कार्यमा ल्याउनु जरुरी हुन्छ । यसर्थ स्वदेशमा रोजगारीको सृष्टि गर्नु जरुरी छ । अनि मात्र देशको समृद्धि र विकाश सम्भव हुन्छ । युवाहरुलाई सामाजिक, सांस्कृतिक, आर्थिक, नैतिक र राजनीतिक रुपमा सचेत र देश र समाजप्रति उत्तरदायी बनाउन जरुरी छ ।


संसारका मजदुरहरु एक हौं !          मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !

**नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)**

**Communist Party of Nepal (Revolutionary Maoist)**

केन्द्रीय समिति

*Central Committee*

### विज्ञप्ति

गत असोज २४ गते बुटवल उपमहानगरपालिका वडा नं १७ र १८मा पर्ने मोतिपुर औद्योगिक क्षेत्र अतिक्रमण गरी बसेका भनिएका निहत्था जनतामाथि देउवाको नेतृत्वमा गठबन्धन सरकारको पुलिस प्रशासनले अन्धाधुन्ध गोली प्रहार गर्दा ४ जना सर्वसाधारण नागरिकको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन् । उक्त क्षेत्रमा अहिले अनिश्चितकालीन कर्फ्यु लगाई जनतालाई आतङ्कित बनाइएको छ । सरकारको यस प्रकारको गैरजिम्मेवारपूर्ण रवैयाको हाम्रो पार्टी घोर विरोध तथा भर्त्सना गर्दछ र मृतकका परिवारलाई क्षतिपूर्ति र घाइतेहरुको निःशुल्क उपचारको माग गर्दछ ।

यो घटना सत्ता बाहिर हुँदा भोटबैङ्क कब्जा गर्न जनतालाई उक्साउने र सत्तामा हुँदा विकासको नारा दिएर जनतालाई भ्रमित पार्ने संसदवादी राजनीतिक पार्टीहरुको फोहोरी खेलको परिणाम हो । यस प्रकारका समस्याको दीर्घकालीन समाधान संसदीय व्यवस्था र संसदीय पार्टीहरुसँग छैन । तत्कालका निमित्त उक्त क्षेत्रमा घर टहरा बनाई बसोबास गर्दै आएका परिवारहरुको आवश्यक छानबीन गरी भूमिहीन तथा सुकुम्बासी जनतालाई तुरुन्त वैकल्पिक व्यवस्था गर्न र अन्य भूमाफियाहरुलाई त्यहाँबाट हटाई उचित कारवाही गर्न हाम्रो पार्टी सरकारसित जोडदार माग गर्दछ ।

भूमि समस्या नेपालको आम समस्या हो र यो नयाँ जनवादी क्रान्तिले समाधान गर्नु पर्ने एउटा प्रमुख कार्यभार हो । तसर्थ, भूमि लगायत राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्याको दीर्घकालीन समाधानका निमित्त भूमिहीन तथा सुकुम्बासी सहित आम उत्पीडित वर्ग, जाति, क्षेत्र तथा लिङ्गका जनतालाई नयाँ जनवादी क्रान्तिको प्रक्रियामा सहभागी हुन हाम्रो पार्टी हार्दिक आह्वान गर्दछ ।

असोज २५, २०७८

प्रतीक

प्रवक्ता

नेकपा (क्रान्तिकारी माओवादी)

## आलोपालो

# नेपालमा बेरोजगार युवाहरूको समस्या

*राज्यको ढुकुटी देशको विकाशमा भन्दा प्रधानमन्त्री लगायतका व्यक्तिहरुबाट मनोमानी ढंगले खर्च गर्दैछ । यदी विदेशबाट रेमिट्यान्स नआएको भए र वैदेशिक सहयोग नआएको भए राज्य टाट पल्तिन्थ्यो । त्यसको केही हेक्का नराखी स्थीर सरकार बनाउला भनेर दुई तीहाइ मत पाएको सरकार दुई वर्ष पनि राम्ररी चलेन*



● अमिर महर्जन ●

नेपाल आज राजनीतिक, सामाजिक तथा आर्थिक रुपले संकट ग्रस्त बनेको छ । समृद्ध नेपाल सुखि नेपालीको नारा दिएको सरकारका प्रधानमन्त्री आफैले पुष ५ गते प्रतिनीधिसभाको विघटन गरेको छ । देशको राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या बिकराल बन्दै गएको छ । भ्रष्टाचार, कमिशन, बेरोजगार, बलात्कार, मुल्यवृद्धि आदि बढ्दै गएका छन् । केही उद्योगपति बाहेक कोरोना महामारीले जनताको व्यापार व्यवसाय, उद्योगढंदा चौपत भएको छ । राज्यको ढुकुटी देशको विकाशमा भन्दा प्रधानमन्त्री लगायतका व्यक्तिहरुबाट मनोमानी ढंगले खर्च गर्दैछ । यदी विदेशबाट रेमिट्यान्स नआएको भए र वैदेशिक सहयोग नआएको भए राज्य टाट पल्तिन्थ्यो । त्यसको केही हेक्का नराखी स्थीर सरकार बनाउला भनेर दुई तीहाइ मत पाएको सरकार दुई वर्ष पनि राम्ररी चलेन । प्रम आफै करोडौं रकम खर्च गर्दै, चुनाव हुन्छ भन्दै, आमसभा गर्दै हिदेका छन् ।

नेपालमा भएको पछिल्लो जनगणना वि.सं. २०६८ (सन्२०११) अनुसार नेपालको जनसंख्या आ.ब. २०६८/६९मा २,६४,९४,५०४ रहेको छ । जसमा पुरुष १२८४९०४१ र महिला १३६४५४६३ को संख्यामा रहेको छ । नेपालको तथ्याङ्कीय झलक २०७५मा वि.सं. २०७४मा २,८८,२५,७०९ मध्ये १,३९,७५,६७८ पुरुष र १,४८,५०,०३२ महिला रहेको प्रक्षेपित गरिएको थियो । प्रक्षेपणकै आधारमा २०७७ असार ८ गते सम्ममा ३,०३,७८,०५५ नेपालको जनसंख्या मध्ये महिला १,५६,४३,८५३ र पुरुष १,४७,३४,२०१ रहेको देखिन्छ । यसरी २०६८ साल देखि २०७७ साल सम्ममा सालाखाला प्रत्यक वर्ष ४ लाख जनसंख्या थपिंदै आएको देखिन्छ । नेपालमा वार्षिक पाँचलाख भन्दा वढि शिशुको जन्म हुने गर्छ । जसमा चालिसहजार भन्दा बढीको मृत्यु शिशु अवस्थामा नै हुने गरेको छ ।


सन् १९९४ देखि २०१९/२० सम्ममा श्रम स्वीकृति लिनेको संख्या ५६,७७,०२६ देखिन्छ । साथै ःचए अर्थात ःबअजष्लभ च्भमबदभि एबककउयचत वितरण २०१० डिसेम्बरबाट गरेदेखि २०१७/१८ सम्ममा ५४,५८,१६५ ःचए पासपोर्ट बनाएको देखिन्छ । वैदेशिक रोजगारका लागि प्रत्यक वर्ष ४ लाखको हाराहारीमा विदेश जाने गरेको पाउदछौ । यो क्रम घट्दो अवस्थामा छ । पछिल्लो समयमा नेपालका विद्यार्थीहरु पढाइको सिलसिलामा प्रत्यक वर्ष ५०,००० भन्दा बढिको संख्यामा विदेशमा जाने गरेको छ । यो बढोतरी अवस्थामा छ र त्यसरी विदेश गएका विद्यार्थीहरु ३ लाख भन्दा बढी छन् । यसबाहेक भारतमा जाने आउने नेपालीको संख्याको कुनै तथ्याङ्क छैन । तर प्रत्यक वर्ष १० लाखभन्दा बढी नेपाली भारत जाने र आउने गर्छन । भारतमा २० लाख भन्दा माथिको संख्यामा नोकरी तथा व्यवसाय गरिरहेका छन् । लगभग ७० लाखभन्दा बढीको संख्यामा नेपालीहरु विदेशमा रहेको देखिन्छ ।

नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ (२०१७/१८)का तथ्याङ्कहरु अनुसार नौ लाख बेरोजगार भनिएको छ । तर श्रमशक्ति बाहिर जनसंख्याबाट विद्यार्थी, ६० वर्षभन्दा माथिको उमेर भएका मानिसको संख्या र श्रमशक्ति बाहिरको महिला जनसंख्या घटाउँदा थप दशलाख भन्दा बढी मानिस बेरोजगार देखिन्छ । श्रमशक्ति बाहिरको महिला जनसंख्या मध्ये अधिकाँश गृहेणीका रुपमा रहेकाबाट न्यूनतम १० लाख महिलालाई चुलो र चौकाबाट निकाल्ने हो भने लगभग ३० लाख बेरोजगार देखिन्छ । यस बाहेक पनि अर्ध बेरोजगार श्रमशक्तिलाई पनि जोड्ने हो भने यसको संख्या ४० लाख भन्दा बढी हुन आउछ । हालको रोजगारको दर यथावत राख्नका लागि प्रत्यक महिना ३५,००० जनाको दरले वर्षमा २८६९०० रोजगारी अवसर सृजना गर्न आवश्यक हुने कुरा विश्व बैंकले जारी गरेको तथ्याङ्कमा उल्लेख गरिएको छ । नेपालको शिक्षा *बाँकी ७ पेजमा*

एक–अर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।
एक–आपसमा भेदभाव नगरौं, धार्मिक–साँस्कृतिक सहिष्णुता कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।